# राष्ट्रिय सुरक्षा नीति, २०७३

## भाग-१
## परिचय

### १.१ विषय प्रवेशः

नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिम, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताको परिवेशमा राष्ट्रिय एकता, सामाजिक एवम् सास्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवम् प्रबर्द्ध आवश्यक छ । नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्ष्युण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरेको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिकलगायत सबै प्रकारका विभेद र छुवाछुतको अन्त्य गरी आर्धिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।
जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने दिशा नेपालको संविधानले आत्मसात गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्न मार्ग निर्देशन गरेको छ । यिनै उदेश्य र लक्ष्यबाट निर्देशित भइ यो राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिएको छ ।

### १.२ सुरक्षा र राष्ट्रिय सुरक्षा नीतिको अर्थ

१.२.१ सुरक्षा बहु-आयामिक विषय भएकाले यसले मुलुकको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र मानव पक्षलाई समेट्छ । सुरक्षा नीति अन्तर्गत सार्वजनिक र निजी मूल्य मान्यताहरू, राष्ट्रिय सम्मान र गौरव, जिउधन एवं सामाजिक- सांस्कृतिक मूल्यको जगेर्ना र संरक्षण पनि पर्दछन् । वातावरण, सुशासन, विकास र मानव अधिकारको पक्षलाई पनि राष्ट्रिय सुरक्षा नीतिले समेट्छ । यी क्षेत्रमा उत्पन्न हुने समस्या र जोखिमलाई न्यून गर्नै समग्रमा राष्ट्रका अति महत्वपूर्ण राष्ट्रिय हितहरूको रक्षा सुरक्षा नीतिको कार्यान्वयनद्वारा गरिन्छ । यसअन्तर्गत राष्ट्रिय सुरक्षा सुनिश्चित गर्ने सैनिक सुरक्षा, प्राथमिकता र उपायलगायतका पक्ष र आयामहरू पर्दछन् ।

१.२.२ राष्ट्रिय सुरक्षाले मुलुकको भौगोलिक, सामाजिक, आर्थिक र राजनीतिक रूपमा देशको पूर्ण सुरक्षालाई बुझाउँछ । हरेक देशले आफ्ना आधारभूत मूल्य र मान्यतामा आधारित राष्ट्रिय आकांक्षा र अति महत्वपूर्ण राष्ट्रिय हितका विषयहरूको पहिचान गरेको हुन्छ । यस्ता राष्ट्रिय आकांक्षा र राष्ट्रिय हितका विषयहरूलाई बाह्य आक्रमण वा आन्तरिक दबाव र चुनौतीहरूबाट सुरक्षित गर्दै सम्बर्द्धन र प्रवर्द्धन गर्नुपर्ने हुन्छ । यसरी राष्ट्रिय सुरक्षा नीति राज्य र नागरिकका लागि राज्यले उपलब्ध गराउने सुरक्षाको समग्र संरचना र कार्यान्वयनको एकीकृत स्वरूप हो ।

१.२.३. राष्ट्रिय सुरक्षा नीतिको वर्तमान र भविष्यसँग घनिष्ट सम्बन्ध रहन्छ । यसले राज्यको हित र चासोलाई सम्बोधन गर्दै विद्यमान खतरा एवम् अवसर दुवैलाई ध्यानमा राखी दिशा निर्देश गर्दछ । राष्ट्रिय

सुरक्षा नीति राज्यको सुरक्षासम्बन्धी मूल नीति भएकाले यसले रक्षा नीति, आन्तरिक सुरक्षा नीति जस्ता सहायक नीतिहरूलाई निर्देशित गर्दछ ।

१.२.४ राष्ट्र-राष्ट्र बीचमा परम्परागत तनावहरूको स्वरूप फेरबदल भई संसालका विभिन्न भागमा जातीय, भाषिक, क्षेत्रिय र धार्मिक द्वन्द्वहरू भइरहेका छन् । तिनले कतिपय स्थानमा अतिवादी र पृथकतावादी स्वरूप लिई निर्दोष नागरिकहरूले ज्यान गुमाउनु परेको र शरणार्थी समस्या उत्पन्न हुने गरेको छ । संगठित अन्तर्राष्ट्रिय अपराध र आधुनिक प्रविधिको दुरूपयोग बढिरहेको छ । साथै जलवायु परिवर्तन र प्राकृतिक प्रकोपले पर्यावरणीय सन्तुलनमा जोखिम उत्पन्न हुने गरेको छ । प्राकृतिक स्रोतहरूको अति र अव्यवस्थित दोहन, अनियन्त्रित जनसंख्या वृद्धि, महामारी रोगहरूको बिस्तार, खाद्यान्न असुरक्षा एवम् स्वच्छ पीउने पानीको अभावजस्ता समस्या देखा परेका छन् । आपूर्तिमा समस्या उत्पन्न हुने गरेको छ । स्रोतहरूमा सीमित व्यक्ति तथा राष्ट्रहरूको बढ्दो आधिपत्यले असमानताको सिर्जना गरी द्वन्द्व उत्पन्न हुने गरेको छ । यसप्रकार अन्तराष्ट्रिय सुरक्षा वातावरण जटिल तथा चुनौतिपूर्ण बन्दै गएको र परिवर्तित भइरहेको परिस्थितिमा राष्ट्रिय सुरक्षा सुदृढ हुनु अत्यावश्यक छ । आन्तरिक र बाह्य परिस्थितिको समयमै विश्लेषण गरी रक्षा नीति, परराष्ट्र नीति, अर्थ नीति, आन्तरिक सुरक्षा तथा सार्वजनिक सूचना नीतिका माध्ययमबाट राष्ट्रिय सुरक्षा कार्य गर्नुपर्ने हुन्छ । राजनीतिक, आर्थिक, कूटनीतिक, सुरक्षा र सूचनाजस्ता शक्ति साधनको समुचित समायोजन गर्न र राष्ट्रिय सुरक्षा लक्ष्य हासिल गर्न राष्ट्रिय सुरक्षा नीति आवश्यक छ ।

## १.३ राष्ट्रिय सुरक्षा नीतिको आवश्यकता

१.३.१ देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान र सामाजिक सद्भावलाई अक्ष्युण राख्दै राष्ट्रिय स्रोत-साधनहरूको समुचित उपयोग गर्न सक्ने वातावरण कायम राख्न,

१.३.२ राज्यले सबै प्रकृतिका खतरा र जोखिमलाई सम्बोधन गर्दछ भन्ने कुरामा विश्वसनीयता स्थापिवत गर्न,

१.३.३ सुरक्षा संयन्त्र र संरचनालाई आधुनिक प्रविधि र उपकरणले सुसज्जित गरी सुदृढ तथा सक्षम तुल्याउँदै यस क्षेत्रमा कार्यरत सबैको सक्रिय सहभागिता र योगदानमा अभिवृद्धि गरी सुरक्षा क्षेत्रको प्रभावकारिता बढाउन,

१.३.४ राज्यद्वारा प्रतिपादित नीतिहरूको कार्यान्वयनलाई निर्देशित गर्न,

१.३.५ देशका सबै वर्ग, समुदाय, क्षेत्र र पक्षबीच आन्तरिक सहमति निर्माण गर्न,

१.३.६ राष्ट्रिय सुरक्षा र विश्व शान्तिका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विश्वास र सहयोग अभिवृद्धि गर्न,

१.३.७ नेपालमा सबै साँस्कृतिक, धार्मिक, भाषिक तथा भौगोलिक समुदायका बीचमा सह-अस्तित्व, सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्न,

१.३.८ विश्वमा भइरहेको प्रविधि र संचारको तीब्र विकासको उपयोग गरी राष्ट्रिय सुरक्षा क्षमता बढाउन तथा संचार र मानेवैज्ञानिक प्रहारबाट देशको रक्षा गर्न,

१.३.९ संभावित सुरक्षा खतरालाई रोक्न र पराजित गर्न तथा एकरूपता, समन्वय र योजनाबद्ध रूपमा राज्को सुरक्षा प्रणालीलाई सन्चालन गर्न,

१.३.१० शान्ति र द्वन्द्व दुवै समयमा राष्ट्रिय सुरक्षा संयन्त्रलाई क्षमताका साथ परिचालित हुनसक्ने अवस्था निर्माण गर्न र यसमा समग्र देशको समर्थन रहने वातावरण सिर्जना गर्न,

१.३.११ बदलिँदो अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सुरक्षा वातावरण, भू राजनीतिक अवस्था, चुनौती तथा सम्भावनालाई सम्बोधन गरी महत्वपूर्ण राष्ट्रिय हितहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै राष्ट्रिय उद्देश्य र लक्ष्य हासिल गर्न ।

## १.४ राष्ट्रिय सुरक्षा नीति निर्माणमा ध्यान दिनुपर्ने सीमा र सन्तुलन

### १.४.१ सीमाहरू

१.४.१.१ देशको भौगोलिक अवस्थिति, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, एवम् बहुसांस्कृतिक विशेषतायुक्त जनसंख्याको बनौट,
१.४.१.२ अन्तर्राष्ट्रिय सन्धी, महासन्धि र घोषणापत्रहरू प्रति नेपालको प्रतिबद्धता र यसको पालना गर्नुपर्ने राष्ट्रिय दायित्व, र
१.४.१.३ साधन र स्रोतको उपलब्धता ।

### १.४.२ सन्तुलन

१.४.२.१ देशको समृद्धिका लागि प्राकृतिक स्रोतहरूको उपयोग र राष्ट्रिय हित संरक्षणका बीचको सन्तुलन
१.४.२.२ राज्यले अवलम्बन गरेको खुलापन र गोपनीयता बीचको सन्तुलन
१.४.२.३ स्वतन्त्रताको संरक्षण र नागरिकले पालना गर्नुपर्ने कर्तव्य बीचको सन्तुलन,
१.४.२.४ राष्ट्रिय सुरक्षा नीति कार्यान्वयनका लागि आवश्यक साधन स्रोत बीचको सन्तुलन,
१.४.२.५ सार्वजनिक बहस र विज्ञको परामर्शबीचको सन्तुलन
१.४.२.६ राष्ट्रिय अखण्डता र प्रादेशिक एवम् स्थानीय स्वायत्तता बीचको सन्तुलन,
१.४.२.७ राष्ट्रिय प्रतिरक्षा र आन्तरिक सुरक्षा बीचको समन्वय र सन्तुलन, र
१.४.२.८ राष्ट्रिय सुरक्षा संयन्त्र र समयानुकूल सुदृढिकरणको सन्तुलन ।

## १.५ राष्ट्रिय सुरक्षा नीतिलाई मार्गदर्शन गर्ने आधारहरू

१.५.१ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान तथा नेपालीको हकहितको रक्षा, सीमाना सुरक्षा, आर्थिक समुन्नती र समृद्धि
१.५.२ संघीय लोकतान्त्रिक गणतन्त्र,
१.५.३ नेपाल र नेपालीको रक्षा
१.५.४ दिगो शान्ति, राजनीतिक स्थायित्व र विकास
१.५.५ नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त र मूलनीतिले आत्मसात गरेका माथि प्रकरण नं. १.५.१ देखि १.५४ मा उल्लेखित विषयलगायत निम्नलिखित विषयहरू :
१.५.५.१ समानता, स्वतन्त्रता, लोककल्याणकारी र न्यायपूर्ण व्यवस्थाको प्रत्याभूति,
१.५.५.२ शासन व्यवस्थामा जनताको समानुपातिक समावेशी सहभागिता,
१.५.५.३ सामाजिक न्याय तथा साधन र सेवाको न्यायोचित वितरण,
१.५.५.४ दिगो र समृद्ध राष्ट्रिय अर्थतन्त्रको विकास (सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आधारित आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशील समाजवाद उन्मुख अर्थतन्त्रको विकास),
१.५.५.५ सर्वांगीण मानवीय सुरक्षा, सामाजिक सद्भाव, सहिष्णुता र सामन्जस्यता,
१.५.५.६ राष्ट्रिय सुरक्षा प्रणालीको विकास तथा प्रभावकारी एवम् गतिशील सुरक्षा व्यवस्थापन,

१.५.५.७ सुरक्षा निकायलाई सबल, सुदृढ, व्यवसायिक, समावेशी र उत्तरदायी बनाउने,
१.५.५.८ राष्ट्रको सेवामा तत्पर र सक्षम नागरिक निर्माण
१.५.५.९ पूर्व राष्ट्रसेवकहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय हितमा परिचालन,
१.५.५.१० संघ र प्रदेशबीच सुमधुर र सहयोगात्मक सम्बन्ध,
१.५.५.११ प्राकृतिक स्रोतहरूको राष्ट्रिय हितअनुकूल उपयोग,
१.५.५.१२ प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण
१.५.५.१३ देशको क्षमता र आवश्यकता अनुरूप जनसंख्या व्यवस्थापन,
१.५.५.१४ संयुक्त राष्ट्रसंघको वडापत्र, पञ्चशीलका सिद्धान्त र असंलग्नताको मान्यतामा आधारित परराष्ट्र नीति,
१.५.६ कानुनी शासन, पारदर्शिता र जवाफदेहिता,
१.५.७ मानवअधिकारको पालना, संरक्षण र सम्बर्द्धन,
१.५.८ राष्ट्रिय पहिचान, स्वाभिमान र गौरव, र
१.५.९ राष्ट्रिय स्वार्थ र अति महत्वपूर्ण राष्ट्रिय हितको संरक्षण र सम्बर्द्धन ।

**१.६ राष्ट्रिय हित, सरोकार र सुरक्षाका विषयहरू**

**१.६.१ विशिष्ट राष्ट्रिय हितका विषयहरू**

१.६.१.१ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमानको रक्षा र जनताको सुरक्षा,
१.६.१.२ संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण र सम्बर्द्धन,
१.६.१.३ राष्ट्रिय एकता, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता,
१.६.१.४ राष्ट्रिय पहिचान तथा अस्तित्वको रक्षा,
१.६.१.५ मौलिक मानव अधिकार र जनताको स्वतन्त्रताको रक्षा,
१.६.१.६ दिगो शान्ति सुरक्षा र राजनीतिक स्थायित्व,
१.६.१.७ वातावरण र जलवायु संरक्षण,
१.६.१.८ जलस्रोत लगायत प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा राष्ट्रिय हितमा उपयोग,
१.६.१.९ अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षामा योगदानद्वारा विश्व शान्तिको प्रबर्द्धन ।
१.६.१.१० नेपाली भूमि कुनै पनि मित्रराष्ट्रविरूद्ध प्रयोग हुन नदिने विश्वसनीय स्थितिको निर्माण,
१.६.१.११ कानुनी शासनको संरक्षण,
१.६.१.१२ संयुक्त राष्ट्रसंघको वडापत्र र पञ्चशील सिद्धान्तमा आधारित परराष्ट्र नीति ।

**१.६.२ रणनीतिक हित सरोकारका विषयहरू**

१.६.२.१ विशिष्ट सरोकारका विषयहरूको रक्षाका लागि उपयुक्त रणनीति र कार्यनीतिको अवलम्बन,
१.६.२.२ सामाजिक विकास, समृद्धि, सद्भाव र सामञ्जस्यता तथा सहिष्णु नागरिक समाज,
१.६.२.३ राष्ट्रिय क्षमता अभिवृद्धि,
१.६.२.४ नागरिकको जीवनस्तरमा अभिवृद्धि,
१.६.२.५ सुशासन र सार्वजनिक प्रशासनको प्रभावकारिता,
१.६.२.६ प्रदेश र स्थानीय निकाय तहमा रहेको आर्थिक र सामाजिक असन्तुलनको न्यूनिकरण,
१.६.२.७ विज्ञान र प्रविधिको विकास र प्रयोग,
१.६.२.८ आर्थिक समृद्धिको लागि उपयुक्त सुरक्षा प्रणाली,

१.६.२.९ संगठित अपराध र अवैद्य आप्रवासनको नियन्त्रण,
१.६.२.१० प्राकृतिक विपद् एवम् औद्योगिक दुर्घटनाको रोकथाम एवम् न्युनिकरण,
१.६.२.११ गैरकानुनी गतिविधिको निरोध र आधारको अन्त्य,
१.६.२.१२ आतंकवाद र विखण्डनवादको निरोध र नियन्त्रण,
१.६.२.१३ अवैद्य हातहतियार र विष्फोटक पदार्थको प्रयोगमा नियन्त्रण, र
१.६.२.१४ अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सहयोगको अभिवृद्धि ।

**१.७ राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने तत्वहरू**

१.७.१ भौगोलिक अवस्थिति र खुल्ला सीमाना,
१.७.२ राज्य प्रणालीमा रूपान्तरण,
१.७.३ राजनीतिक अस्थिरता,
१.७.४ धार्मिक, भौगोलिक तथा जातीय विषयहरू,
१.७.५ आर्थिक विकास र अनुशासनको स्तर,
१.७.६ तत्कालीन, अल्पकालीन, दीर्घकालीन तथा स्थायी प्रकृतिका राष्ट्रिय हितका विषयहरू,
१.७.७ विखण्डनवादी वा पृथकतावादी समूहको गतिविधि र सक्रियता,
१.७.८ छिमेकी तथा अन्य राष्ट्रहरूको सरोकार र चासो,
१.७.९ राष्ट्रिय, क्षेत्रीय, स्थानीय स्तरका आन्तरिक सुरक्षासम्बन्धी विषयहरू,
१.७.१० विज्ञान प्रवृधि र आधुनिक उपकरणको दुरूपयोग, र
१.७.११ विश्वव्यापी, क्षेत्रीय तथा उपक्षेत्रीय र सुरक्षासम्बन्धी विषयहरू ।

**१.८ राष्ट्रिय सुरक्षालाई सुनिश्चित गर्ने स्रोत तथा उपायहरू**
**१.८.१ राष्ट्रिय सुरक्षालाई सुनिश्चित गर्ने स्रोत**

१.८.१.१ नेपाली जनता तथा तिनको संगठित शक्ति,
१.८.१.२ नेपाल राज्यको सुरक्षा संयन्त्र र शासकीय संरचना,
१.८.१.३ राष्ट्रिय आवश्यकताअनुरूप उपयोग भएका नेपालका प्राकृतिक स्रोतहरू,
१.८.१.४ प्रवासी नेपालीहरूले राष्ट्रिय हितमा गर्ने योगदान, र
१.८.१.५ नेपालको हितमा परिचालित वैदेशिक सहयोग ।

**१.८.२ राष्ट्रिय सुरक्षालाई सुनिश्चित गर्ने उपायहरू**

१.८.२.१ नेपालको संविधानको प्रभावकारी कार्यान्वयन र पालना,
१.८.२.२ राष्ट्रिय साधन स्रोतको समुचित उपयोग र परिचालन,
१.८.२.३ सुरक्षा निकायको व्यवसायीकरण र आधुनिकीकरण,
१.८.२.४ राजनीतिक, आर्थिक, सामाजिक, कूटनीतिक, न्यायिक, सञ्चार तथा सैनिक/सुरक्षा उपायको अवलम्बनद्वारा शान्ति सुरक्षाको प्रत्याभूति,
१.८.२.५ नागरिक कर्तव्यको बोध र परिपालना,
१.८.२.६ विश्वसनीय सूचनाको सही मूल्याङ्कन र निरूपणको आधारमा स्थितिको पूर्वजानकारी तथा प्रतिकारात्मक उपाय अवलम्बन गर्नसक्ने प्रणालीको विकास,
१.८.२.७ सुदृढ यातायात प्रणालीको विकास,

१.८.२.८ सीमा सुरक्षा र व्यवस्थापन, र

१.८.२.९ कूटनीतिक सम्बन्धको प्रभावकारी सन्चालनद्वारा द्विपक्षीय र बहुपक्षीय सम्बन्ध र सहयोग वृद्धि गर्दै अन्तर्राष्ट्रिय समर्थन र सहयोगको अभिवृद्धि ।

## १.९ राष्ट्रिय सुरक्षामा खतरा र चुनौतिहरू

### १.९.१ राजनीतिक चुनौति र खतरा

१.९.१.१ शासकयि स्वरूप रूपान्तरण र संक्रमणकाल

१.९.१.२ राजनीतिक अस्थिरता र विभाजन

१.९.१.३ ध्रुविकरण

१.९.१.४ गैरसंवैधानिक गतिविधि, र

१.९.१.५ अवाञ्छित बाह्य प्रभाव ।

### १.९.२ कानुन व्यवस्था सम्बद्ध चुनौति र खतरा

१.९.२.१ अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरण गर्ने प्रवृत्ति,

१.९.२.२ कानुनको शासन र संस्कृतिको विकासमा अवरोध,

१.९.२.३ कानु उल्लंघन गर्ने प्रवृत्ति र दण्डहीनता,

१.९.२.४ अपराधमा आधुनिक प्रविधिको दुरूपयोग,

१.९.२.५ हिंसा र सशस्त्र अपराधमा वृद्धि,

१.९.२.६ संगठित अपराधमा वृद्धि,

१.९.२.७ लागूपदार्थको अवैद्य ओसारपसार,

१.९.२.८ हतियार र विष्फोटक पदार्थको अवैद्य पैठारी,

१.९.२.९ समुदायमा बढ्दो हिंसा,

१.९.२.१० लुटपाट, अपहरण, सफेदपोश अपराध र साइबर अपराध,

१.९.२.११ भ्रष्टचार,

१.९.२.१२ मावन बेचविखन, र

१.९.२.१३ संकीर्ण साम्प्रदायिकता र क्षेत्रीयता ।

### १.९.३ सामाजिक-आर्थिक चुनौति र खतरा

१.९.३.१ कमजोर अर्थतन्त्र र परनिर्भरता,

१.९.३.२ अशिक्षा, बढ्दो बेरोजगारी र गरीबी,

१.९.३.३ स्वदेशी उत्पादनको न्यूनता,

१.९.३.४ आर्थिक असमानता,

१.९.३.५ जनसंख्या वृद्धि तथा अव्यवस्थित बसाई-सराई

१.९.३.६ राष्ट्रिय स्रोत र साधनको बाँडफाँड तथा उपयोग र उपयोगमा राष्ट्रिय हितप्रतिको उदासिनता,

१.९.३.७ आर्थिक अपराध र राजस्व चुहावट, बाह्य आर्थिक संकट र विकृतिको प्रभाव,

१.९.३.८ लगानीमा प्रतिकूल प्रभाव पार्ने असुरक्षित वातावरण,

१.९.३.९ औद्योगिक अशान्ति,

१.९.३.१० नागरिक अधिकारको दुरूपयोग,

१.९.३.११ विभिन्न वर्ग, क्षेत्र, जाति र समुदायबीचको द्वन्द्व र सामाजिक सद्भावमा प्रतिकूल असर पार्ने क्रियाकलाप,

१.९.३.१२ सामाजिक र नैतिक मूल्यप्रतिको उदासिनता,

१.९.३.१३ विपन्न समुदाय र क्षेत्रको लागि आवश्यक सहयोग र स्रोतको न्यूनता,

१.९.३.१४ एचआईभी/एड्स, महामारी र अन्य संक्रामक रोगहरूको बृद्धि,

१.९.३.१५ संकीर्ण जातीय र क्षेत्रीय प्रवृत्ति र क्रियाकलाप, र

१.९.३.१६ धार्मिक अतिवादको प्रभाव ।

### १.९.४ विपद् र प्राकृतिक स्रोतको क्षति सम्बद्ध चुनौति र खतरा

१.९.४.१ अव्यवस्थित बसोबास, वन विनाश, प्रदूषण जस्ता मानव सिर्जित समस्याबाट उत्पन्न विपद्,

१.९.४.२ भूकम्प, भूक्षय, बाढी, पहिरो र डुवानजस्ता प्राकृतिक विपद्,

१.९.४.३ प्राकृतिक स्रोतको अव्यवस्थित र अनियमित दोहन,

१.९.४.४ जलवायु र पर्यावरणीय ह्रास, र

१.९.४.५ रासायनिक, विकिरण र प्रविधिजन्य विपद् ।

### १.९.५ अतिवादका कारण उत्पन्न हुने चुनौति र खतरा

१.९.५.१ अराजकता, असुरक्षा, आतङ्क र अन्योलको कारण समाजमा सृजित त्रास,

१.९.५.२ अवैद्य हातहतियार, विष्फोटक पदार्थ र लागू पदार्थको ओसारपसारमा आतङ्कवादीको संभावित संलग्नता,

१.९.५.३ पर्यटन लगानी र वैदेशिक मुद्रा आर्जनका क्षेत्रमा अवाञ्छित र गैरकानुनी ि क्रयाकलाप,

१.९.५.४ बाह्य घुसपैठ र चलखेल,

१.९.५.५ अन्तरदेशीय र अन्तरसीमा अपराध,

१.९.५.६ विभिन्न प्रकारका अतिवाद र त्यसबाट उत्पन्न अराजकता, र

१.९.५.७ मुद्रा अपचलन र तस्करीजस्ता क्रियाकलापमा अतिवादीहरूको संलग्नता ।

### १.९.६ बाह्य चुनौति र खतरा

१.९.६.१ खुला अन्तर्राष्ट्रिय सीमाना,

१.९.६.२ सीमा अतिक्रमण,

१.९.६.३ इन्धन र उर्जा संकट,

१.९.६.४ क्षेत्रीय सुरक्षा र वातावरण,

१.९.६.५ प्रतिद्वन्द्वात्मक/प्रतिस्पर्धात्मक अन्तर्राष्ट्रिय सुरक्षा वातावरण (राष्ट्रिय हितहरूको समायोजन, हित वा स्वार्थहरूबीचको अन्तरसंघर्ष र सामरिक प्रतिस्पर्धा)

१.९.६.६ राजनीतिक अस्थिरता, र

१.९.६.७ बाह्य हस्तक्षेप ।

### १.९.७ चुनौति र खतराको सामनाका लागि सुदृढ र क्षमतामूलक राज्य संयन्त्र

उपरोक्त चुनौति र समस्यालाई सम्बोधन गर्ने गरी राज्यका संयन्त्रको क्षमता अभिवृद्धि गर्ने । यसअन्तर्गत निम्नलिखित कार्यहरू पर्छन -

१.९.७.१ संविधान र कानुनको प्रभावकारी कार्यान्वयन र यसका लागि राज्यका सम्बन्धित अंग र निकायहरूको सुदृढिकरण,

१.९.७.२ विदेशीहरूको नेपालभित्र प्रवेश र बर्हिगमनमा नियमन,

१.९.७.३ नेपालको हवाई र स्थल क्षेत्रको सुरक्षा सुदृढिकरण, अनुगमन र नियमन,

१.९.७.४ सुशासन र प्रभावकारी प्रशासन प्रणालीको विकास,

१.९.७.५ अपराध रोकथाम र नियन्त्रण,

१.९.७.६ भ्रष्टाचार नियन्त्रण,

१.९.७.७ संगठित अपराध सञ्जालको निरोध र नियन्त्रण,

१.९.७.८ सूचनामा पहुँच, सूचना संकलन, विश्लेषण र उपयोगमा प्रभावकारिता,

१.९.७.९ विपदजन्य जोखिमको सम्बोधन र विपद व्यवस्थापन,

१.९.७.१० सुदृढ र स्वस्थ अर्थतन्त्रको निर्माण, र

१.९.७.११ अपराधिकरण विरूद्ध जुध्ने सामर्थ्यको विकास ।

माथि उल्लेखित कुराहरूको आधारमा राष्ट्रिय सुरक्षा नीतिका उदेश्य, लक्ष्य, प्राथमिकता, रणनीति र कार्यनीति निर्धारण गरिएको छ ।

## भाग-२

## राष्ट्रिय सुरक्षा नीति

### २.१ राष्ट्रिय सुरक्षा नीतिको बृहत्तर सोच र परिकल्पना

स्वतन्त्र, सार्वभौमिकता, स्वाधीन, अखण्ड, स्वाभिमानी, सबल, समृद्ध, शान्त, आत्मनिर्भर र सुरक्षित संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल ।

२.२ राष्ट्रिय सुरक्षा नीतिका मूलभूत उद्देश्यहरू

२.२.१ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान, हित र स्वार्थको रक्षा गर्ने,

२.२.२ नेपाली जनता, नेपालको सीमा, भूमि, जल, अर्थतन्त्र, प्राकृतिक र सांस्कृतिक सम्पदा र पर्यावरणको सुरक्षा गर्ने,

२.२.३ मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने,

२.२.४ संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तका आधारमा स्वतन्त्र परराष्ट्र नीति सन्चालन गर्दै नेपालको हितमा बाह्य सम्बन्धको विकास गर्ने एवम् विश्व शान्ति स्थापनामा योगदान गर्ने,

२.२.५ नेपाली जनताको सर्वोत्तम हितअनुकूल आर्थिक समृद्धि, भौतिक सुरक्षा तथा सर्वांगिण विकासका लागि राष्ट्रिय सुरक्षा प्रणालीको विकास र सुरक्षित वातावरणको प्रत्याभूति दिने र नेपाललाई समृद्ध र समुन्नत बनाउने,

२.२.६ अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरूको राष्ट्रिय हितअनुकूल समुचित प्रयोग गर्ने ।

### २.३ राष्ट्रिय सुरक्षा नीतिको मूल लक्ष्य

माथि प्रकरण २.२ मा उल्लेखित उद्देश्य प्राप्ती तथा नेपालका राष्ट्रिय हितहरूको संरक्षण र सम्बर्द्धन गर्दै राज्यविरूद्ध आउने सम्पूर्ण आन्तरिक तथा बाह्य चुनौतीहरूको सामना गर्न राष्ट्रशक्तिका सबै स्रोत र संयन्त्रहरूलाई समन्वयात्मक रूपबाट परिचालन गरी शान्तिपूर्ण सुरक्षित र सुस्थिर वातावरणमा संविधानद्वारा प्रत्याभूत अवसर र स्वतन्त्रताको स्वाभिमानपूर्वक उपभोग गर्नसक्ने एवम् राष्ट्रिय समृद्धि हासिल गर्ने वातावरणको निर्माण गर्नु राष्ट्रिय सुरक्षा नीतिको मूल लक्ष्य हो ।

**२.४ राष्ट्रिय सुरक्षा नीतिका प्राथमिकता**

**२.४.१ नेपालको राष्ट्रियता र हितको सुरक्षा**

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा तथा राष्ट्रिय सीमाको सुरक्षालाई सुनिश्चित गर्दै नेपालको राष्ट्रियता र हितको सुरक्षा गर्ने ।

**२.४.२ जनताको सुरक्षा**

जनताको जीउ, धनको सुरक्षा, स्वास्थ्य तथा तिनका भावी पुस्ताको परिपोषण, संरक्षण र समृद्धिको अवस्था सुनिश्चित गर्ने ।

**२.४.३ नागरिकहरूको हक तथा स्वतन्त्रताको सुरक्षा**

देशको प्रत्येक नागरिकले आफ्नो शारीरिक तथा मानिसक क्षमता प्रयोग गरेर आफ्नो, समाजको र मुलुकको हितका लागि तथा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्नसमेत सक्षम हुने गरी स्वतन्त्रतापूर्वक मौलिक अधिकार र कर्तव्यको प्रयोग गर्न सक्ने वातावरण सुनिश्चित गर्ने ।

**२.४.४ आर्थिक सुरक्षा**

नागरिकको आधारभूत आवश्यकता परिपूर्ति तथा आर्थिक स्वतन्त्रताको रक्षा गर्दै देशको आर्थिक अवस्थालाई क्रमिक रूपमा प्रगतितर्फ उन्मुख गराई स्रोतहरूको समुचित र दीगो परिचालनद्वारा उच्च आर्थिक वृद्धिदर र आर्थिक उपलब्धिको न्यायोचीत वितरणलाई सुनिश्चित गर्ने ।

**२.४.५ राज्य व्यवस्थाको सुरक्षा**

नेपाल राज्यको क्रियाकलाप तथा यसको सामाजिक-आर्थिक संरचना तथा संविधान प्रदत्त मौलिक हक, मानवअधिकार तथा स्वतन्त्रतालाई सुनिश्चित गर्ने ।

**२.४.६ विज्ञान, प्रविधि र सूचनाको सुरक्षा**

देशको वैज्ञानिक संभाव्यता तथा बौद्धिक प्रतिस्पर्धात्मक क्षमतालाई बढाउन प्रविधि, सूचना तथा अनुसन्धानको उपयोग गर्ने वातावरण सुनिश्चित गर्ने । देशको आन्तरिक र बाह्य परिस्थितिबारे वस्तुपरक रूपमा जानकारी प्राप्त गर्न, विश्लेषण गर्न, निर्णय प्रक्रिया प्रभावकारी बनाउन र सूचनामा सहज प्रभावकारी पहुँच सुनिश्चित गर्ने ।

**२.४.७ संस्कृति तथा जीवनपद्धतिको सुरक्षा**

नेपाल राष्ट्र तथा राज्यको अस्तित्व, स्वतन्त्र निर्णय तथा विकास, राष्ट्रिय भाषा तथा राष्ट्रभाषा, इतिहस, संस्कृति, चालचलन तथा रीतिरिवाजको संरक्षणलाई सुनिश्चित गर्ने ।

**२.४.८ राष्ट्रिय स्रोत तथा पर्यावरणीय सुरक्षा**

पर्यावरणीय तथा जलवायु परिवर्तनको अनुकूलन र प्राकृतिक स्रोतको उचित प्रयोग तथा संरक्षण गरी मानव परिवेश तथा अर्थतन्त्रमा नकारात्मक असर पर्न नदिने अवस्था सुनिश्चित गर्ने ।

## २.५ नीतिहरू

राष्ट्रिय सुरक्षा नीतिका मूलभूत उद्देश्य र लक्ष्य प्राप्तीका निमित्त देहायका नीतिहरू अवलम्बन गरिनेछ ।
२.५.१ संघीय राज्य व्यवस्थाको माध्यमबाट प्रादेशिक तथा स्थानीय तहसम्म शक्तिको विकेन्द्रिकरण गर्ने,
२.५.२ नेपालको सामरिक क्षमता वृद्धि गर्ने र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्ने,
२.५.३ शान्ति सुरक्षाको प्रत्याभूति गर्दै न्यायमा सरल र शीघ्र पहुँच स्थापित गर्ने,
२.५.४ राष्ट्रिय सद्भाव र सहिष्णुता अभिवृद्धि गर्ने,
२.५.५ सुदृढ अर्थतन्त्रको विकास र लगानीकर्ताको विश्वास अभिवृद्धि गर्ने,
२.५.६ कुनै पनि प्रकारको हिंसात्मक तथा सशस्त्र गतिविधि र आतंकवादलाई निस्तेज गर्ने,
२.५.७ पृथकतावादको वीजारोपण हुन नदिने,
२.५.८ लागू पदार्थ ओसारपसार, संगठित अपराध, मानव बेचविखन तथा अवैद्य आप्रवासनलाई नियन्त्रण गर्ने,
२.५.९ राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतहरूको संरक्षण संरक्षण गर्दै राष्ट्रिय हितमा उपयोग गर्ने,
२.५.१० गरिबी न्युनिकरणका उपायहरूको अवलम्बनमा टेवा पुऱ्याउने,
२.५.११ भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूतिका लागि जवाफदेहीता अभिवृद्धि गर्ने,
२.५.१२ अवैद्य हातहतियार नियन्त्रण गर्ने,
२.५.१३ धार्मिक, सांस्कृतिक, भाषिक, जातीय र साम्प्रदायिक सद्भाव कायम राख्न उपुक्त वातावरण निर्माण गर्दै राष्ट्रिय पहिचानलाई बलियो बनाउने,
२.५.१४ कानुनी शासन र कानुनको कार्यन्वयनलाई सुदृढ गर्ने,
२.५.१५ सुरक्षा व्यवस्थापनमा जनताको साझेदारी अभिवृद्धि गर्ने,
२.५.१६ विपद व्यवस्थापन कार्यलाई समन्वयात्मक रूपमा प्रभावकारी र सुदृढ बनाउने,
२.५.१७ राष्ट्रिय सुरक्षा संस्कारको विकास गर्ने,
२.५.१८ सामाजिक पद्धति र राज्य व्यवस्थाको रक्षा गर्ने,
२.५.१९ नागरिक हक तथा स्वतन्त्रताको रक्षा गर्ने,
२.५.२० उद्योग व्यवसायको सुरक्षामा टेवा पुऱ्याउने,
२.५.२१ विज्ञान तथा प्रविधिको रक्षा र विकास गर्ने,
२.५.२२ राष्ट्रिय सुरक्षा नीतिको अवधारणा अनुसार वैदेशिक मामिला सम्बन्धी कार्यहरू गर्ने,
२.५.२३ अन्तर्राष्ट्रिय कानुन, प्रोटोकल, सन्धी-सम्झौता र कानुनी प्रावधानहरूका माध्यमबाट राष्ट्रिय हित र स्वार्थको संरक्षण र सम्बर्द्धन गर्ने, र
२.५.२४ विश्व शान्ति कायम राख्ने प्रयासका लागि साझेदारीमा अभिवृद्धि गर्ने ।

## २.६ मूल रणनीति

राष्ट्रिय सुरक्षा नीतिको उद्देश्य, मूल लक्ष्य र नीतिहरूको कार्यान्वयनका लागि देहायका नीतिहरू अवलम्बन गरिनेछ ।
२.६.१ राष्ट्रिय सुरक्षाको विषयलाई हरेक नागरिकको सरोकारको विषय बनाउँदै सुरक्षा नीतिको कार्यान्वयनसंग सम्बन्धित सबै क्षेत्रको प्रभावकारिता र क्षमतामा अभिवृद्धि गर्ने,
२.६.२ अव्यवस्था, असुरक्षा, भ्रष्टाचार तथा अपराधिक कार्यप्रति असहमति र विरोधको संस्कृतिको विकास गर्ने,

२.६.३ राज्यको सुरक्षा नीतिको कार्यान्वयनमा स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र साझेदारी प्राप्त गर्ने प्रक्रिया विकास गर्ने,

२.६.४ सुरक्षा नीतिको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहबीच सुमधुर सम्बन्ध कायम राख्दै सुरक्षा निकायको संरचना, संयन्त्र र आन्तरिक प्रशासनिक प्रणालीमा परिवर्तन, परिमार्जन गरी संगठनात्मक क्षमताको अभिवृद्धि गर्ने,

२.६.५ दिगो शान्ति र स्थायित्वका लागि पहिले आन्तरिक, त्यसपछि बाह्य भन्ने अवधारणा अनुरूप देशको सर्वोपरी हितलाई केन्द्रबिन्दुमा राखी मुलुक भित्रका क्रियाकलायलाई प्राथमिकतामा राखेर अध्ययन र विश्लेषण गरी निम्नलिखित कार्य गर्ने :

२.६.५.१ खतरा र जोखिम बढाउन सक्ने संवेदनशील पक्ष/क्षेत्रलाई विषेश रूपमा ध्यान दिँदै गहन विश्लेषणका आधारमा खतरा र जोखिम न्यून गर्ने,

२.६.५.२ विश्वसनीय र भरपर्दो सुरक्षा क्षमताको निर्माणका लागि :

२.६.५.२.१ खतरा र जोखिम मूल्यांकनका आधारमा सुरक्षा निकायको संगठनात्मक क्षमता निर्माण गर्ने,

२.६.५.२.२ जनशक्ति विकासलाई प्राथमिकता दिई राज्य सन्चालनका संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

२.६.५.३ कार्यान्वयन क्षमता बढाई देहायका क्षेत्रको विकास गर्न जोड दिने :

२.६.५.३.१ राष्ट्रिय सहमति निर्माण गर्ने,

२.६.५.३.२ पेशागत विशिष्टतामा अभिवृद्धि गर्ने, र

२.६.५.३.३ कार्यान्वयनमा सरोकारवालाहरूलाई जिम्मेवारी दिई संलग्न गराउने र समन्वय स्थापित गर्ने ।

२.६.५.४ हिंसा र आतंकवादबाट निरोध तथा नियन्त्रणको कार्यलाई बहुपक्षीय सरोकारको विषय बनाई सामूहिक क्रियाशीलता बढाउने,

२.६.५.५ आमसंहारकारी हतियारको प्रयोगबाट उत्पन्न हुने खतरालाई रोक्ने,

२.६.५.६ भावी चुनौति र अवसर बहन गर्नसक्ने गरी सुरक्षा संयन्त्रलाई रूपान्तरण गर्ने र त्यसका लागि सुरक्षाकर्मीको क्षमता अभिवृद्धि गर्ने, र

२.६.५.७ क्षेत्रिय, वर्गिय, जातीइ, द्वन्द्व र संघर्षलाई निस्तेज पार्ने र यसका लागि आवश्यक जनमत तयार पार्ने ।

**२.६.६ शान्तिको सिर्जना गर्ने**

२.६.६.१ खुला बजार र व्यापार प्रणलीका माध्यमबाट बृहत आर्थिक वृद्धिको वातावरण सिर्जना गर्ने,

२.६.६.२ लोकतान्त्रिक संरचना र संस्कृतिको विकास गर्ने,

२.६.६.३ द्वन्द्वका कारण उत्पन्न हुनसक्ने हिंसात्मक गतिविधिको पूर्वानुमान गरी त्यसको निरोधका लागि आवश्यक उपाय अवलम्बन गर्ने ।

**२.६.७ दिगो शान्ति स्थापनामा जनताको स्वामित्व स्थापित गर्ने**

२.६.७.१ सुरक्षा व्यवस्थापन तथा बिस्तारमा जनता र समुदायको सक्रिय समर्थन प्राप्त गर्ने,

२.६.७.२ मानवीय प्रतिष्ठा र स्वाभिमान अभिवृद्धिका लागि कार्यक्रम सन्चालन गर्ने, र

२.६.७.३ शान्तिलाई संस्थागत रूपमा बिस्तार गर्ने अभियानमा जनताको सहभागिता वृद्धि गर्दै जाने ।

**२.६.८ आर्थिक समृद्धि र राजनीतिक स्थायित्वको सिर्जना गर्ने**

२.६.८.१ देशको समग्र आर्थिक विकास र समृद्धिका लागि राष्ट्रिय प्राकृतिक स्रोतहरूको अधिकतम उपयोग गर्ने,

२.६.८.२ राष्ट्रिय विकासमा जनशक्तिको अत्याधिक उपयोग र परिचालन गर्ने, र

२.६.८.३ नेपालको संविधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै देशमा राजनीतिक स्थायित्व कायम गर्ने ।

**२.७ राष्ट्रिय सुरक्षा नीतिका रणनीतिक लक्ष्यहरू**

राष्ट्रिय सुरक्षा नीतिको उद्देश्य, मूलभूत लक्ष्य र नीतिको कार्यान्वयनका लागि दफा २.५ मा उल्लिखित रणनीतिका अधिनमा रहि अवलम्बन गरीने रणनीतिक लक्ष्य देहाय बमोजिम छ :

२.७.१ नेपाली जनता र नेपालको स्वाधीनता र सार्वभौमिकता एवम् राष्ट्रिय अखण्डताको रक्षा गर्दै समृद्ध नेपालको निर्माण गर्ने,

२.७.२ नेपालको स्थल, जल तथा हवाई क्षेत्रको सुरक्षा गर्ने,

२.७.३ संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबल तुल्याउने,

२.७.४ संगठित अपराधको सञ्जाललाई निस्तेज गर्दै हिंसात्मक अपराध नियन्त्रण गर्ने,

२.७.५ कानुनको शासनप्रति सम्मान प्रबर्द्धन तथा न्यायपूर्ण शासकीय प्रणालीको विकास गर्ने,

२.७.६ हिंसा र आतंकवादको समस्याबाट नेपाललाई मुक्त राखी सुरक्षाको प्रत्याभूति दिने,

२.७.७ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षामा नेपालको योगदान अभिवृद्धि गर्दै जाने,

२.७.८ अर्थतन्त्रको विकास र रामाजिक/सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि वातावरण निर्माण गर्ने,

२.७.९ प्राकृतिक साधन स्रोतको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने तथा विपद् र जोखिम न्यून गर्ने,

२.७.१० सूचना प्रणालीको विकास र सुरक्षा संयन्त्रको प्रभावकारी परिचालनका लागि क्षमता अभिवृद्धि गर्ने र सूचना सुरक्षाको प्रत्याभूति दिने,

२.७.११ सुरक्षा व्यवस्थापनमा जनसहयोग अभिवृद्धि गर्ने र सुरक्षा संयन्त्रको कार्य सम्पादन प्रणालीलाई समयानुकूल बनाउने र व्यवस्थित गर्ने,

२.७.१२ राष्ट्रिय सुरक्षा र सरोकारका विषयमा राष्ट्रिय सहमतिको विकास गर्ने,

२.७.१३ अधिकारको विकेन्द्रिकरण र जवाफदेहीताको विकास गर्ने,

२.७.१४ नेपालको राज्य व्यवस्था तथा यसको सामाजिक-आर्थिक संरचनाको रक्षा गर्ने,

२.७.१५ नागरिक हक तथा स्वतन्त्रताको रक्षा गर्ने,

२.७.१६ राष्ट्रको वैज्ञानिक संभाव्यता तथा बौद्धिक प्रस्तिपर्धात्मक क्षमतालाई बढाउन प्रविधि, सूचना तथा अनुसन्धानको बढी उपयोग गर्ने वातावरण निर्माण गर्ने र विज्ञान तथा प्रविधिको विकास गर्ने,

२.७.१७ नेपाल राष्ट्र र यसको विकास तथा नेपाली जनताको सांस्कृतिक तथा जीवनपद्धतीको रक्षा गर्ने,

२.७.१८ नेपाली जनताको जीवन र स्वास्थ्यको रक्षा गर्दै भावी पुस्ताको परिपोषण, संरक्षण र दिगो विकास सुनिश्चित गर्ने, र

२.७.१९ गैरकानुनी सशस्त गतिविधि हुनसक्ने वातावरण सिर्जना हुन नदिने ।

**२.८ राष्ट्रिय सुरक्षा नीतिका कार्यनीतिहरू**

**२.८.१ रणनीतिक लक्ष्य**

नेपाली जनता र नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै सबल र समृद्ध नेपालको निर्माण गर्ने ।

**२.८.१.१ कार्यनीतिहरू**

२.८.१.१.१ सुरक्षा संयन्त्रको क्षमता बृद्धि र परिचालनद्वारा नेपाली जनता र नेपालको सीमाको रक्षा गर्ने,
सुरक्षा संयन्त्रको स्थापना, विस्तार र परिचालनद्वारा नेपाली जनता र नेपालको सीमाको रक्षा गर्ने,

२.८.१.१.२ नेपाली सेना तथा सुरक्षा निकायहरूको क्षमता विकास गर्ने र उपयुक्त प्रतिरक्षा कार्यनीति तर्जुमा गर्ने,

२.८.१.१.३ मानवीय सुरक्षालाई प्राथमिकता दिने र नेपाली जनतालाई त्राश र अभावबाट मुक्तिको प्रत्याभूति दिने,

२.८.१.१.४ सबल र समृद्ध नेपाल निर्माणको अभियानलाई एकीकृत र समन्वयात्मक रूपमा अघि बढाउने,

२.८.१.१.५ सामाजिक, सांस्कृतिक, धार्मिक, जातीय, क्षेत्रीय र वर्गीय सद्भावलाई बिथोलिन नदिई सह-अस्तित्व र सामञ्जस्यता कायम गर्ने,

२.८.१.१.६ उग्र र विखण्डनवादी प्रवृत्तिलाई निरूत्साहित र नियन्त्रण गर्दै नेपालको सार्वभौमिकता र अखण्डतालाई बहस र सम्झौताको विषय हुन नदिने,

२.८.१.१.७ नेपालको सीमाभित्र हुनसक्ने आतंकवाद तथा संगठित अपराधको प्रवेशलाई नियन्त्रण र निस्तेज गर्ने,

२.८.१.१.८ कुनै पनि देशसंग समसामयिक अन्तर्राष्ट्रिय कानुन र सिद्धान्त बमोजिम सम्बन्ध कायम गर्ने र अरूबाट पनि सोही अनुसार व्यवहार हुने स्थिति सिर्जना गर्ने,

२.८.१.१.९ क्षेत्रीय सामरिक स्थायित्व तथा सुरक्षा बलियो बनाउने कार्यमा योगदान गर्ने,

२.८.१.१.१० नेपालको भूमि अन्य मुलुकविरूद्ध प्रयोग हुन नदिने,

२.८.१.१.११ अन्तर्राष्ट्रिय स्थितिको बस्तुगत विश्लेषण गर्ने र नेपालको सरोकार रहने अन्तर्राष्ट्रिय विषयहरूमा राज्यको दृष्टिकोण प्रस्तुत गर्ने, र

२.८.१.१.१२ नेपाललाई बाह्य हस्तक्षेप र आक्रमण वा आन्तरिक विद्रोहबाट सुरक्षित राख्न विभिन्न मित्रराष्ट्र लगायत अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसंग सुरक्षाका सन्दर्भमा सहयोगी सम्बन्ध कायम गर्ने ।

**२.८.२ रणनीतिक लक्ष्य**

संगठित अपराधको सञ्जाल निस्तेज पार्ने र नियन्त्रण गर्ने ।

**२.८.२.१ कार्यनीतिहरू**

२.८.२.१.१ सुधार र आधुनिकीकरणका माध्यमबाट सुरक्षा अंगहरुको संरचना र सूचना संकलन संयन्त्रको बिस्तार र विशिष्टीकरण गर्ने एवम् सामुदायिक प्रहरी सेवाको बिस्तार गर्दै जाने र उच्चस्तरमा प्रभावकारी प्रहरी शक्तिको निर्माण गर्ने,

२.८.२.१.२ रणनीतिक दूरदृष्टिसहितको साधनयुक्त तथा प्रभावकारी सूचना प्रणाली स्थापना गर्ने,

२.८.२.१.३ समुदायमा शान्तिपूर्ण सहअस्तित्व, नागरिक उत्तरदायित्व र सामाजिक रुपान्तरणको प्रवर्द्धन गर्ने क्षमताको विकास गर्ने,

२.८.२.१.४ सबै तहमा हुने भ्रष्टाचार नियन्त्रणका लागि सुरक्षा निकायमा अनुगमनको दिगो प्रणाली विकास गर्ने,

२.८.२.१.५ हतियार तथा विष्फोटक पदार्थको व्यापार तथा उपयोग नियन्त्रणका लागि सीमा नियमन गर्ने,

२.८.२.१.६ निजी क्षेत्रका सुरक्षा कम्पनीको नियम तर्जुमा, नियमन र अनुगमन गर्ने,

२.८.२.१.७समुदायमा सार्वजनिक सुरक्षा प्रबर्द्धन गर्न सार्वजनिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

२.८.२.१.८ अपहरण, लुटपाट र मावन बेचबिखन, लागूऔषध लगायतका संगठित अपराध नियन्त्रणका लागि आवश्यक संयन्त्रको स्थापना, विकास र सुदृढीकरण गर्ने,

२.८.२.१.९ शान्ति सुरक्षा स्थापना कार्यमा जनताको साझेदारी अभिवृद्धि गर्ने, र

२.८.२.१.१० राष्ट्रिय संरचना, सम्पदा, तथ्यांक र अभिलेख वातावरण, व्यक्ति, व्यवसाय र सम्पत्तिको रक्षा गर्ने ।

**२.८.३ रणनीतिक लक्ष्य**

कानुनको शासनप्रति सम्मान प्रवर्द्धन तथा न्यायपूर्ण शासकीय प्रणालीको विकास गर्दै जाने ।

**२.८.३.१ कार्यनीतिहरू**

२.८.३.१.१ कानुनको शासन र सार्वजनिक सुव्यवस्थाका लागि कानुनको प्रभावकारी कार्यान्वयन गर्ने,

२.८.३.१.२ गैरथुना दण्डप्रणालीको उपयोग बढाउन न्यायप्रणालीलाई तदनुरुप सक्षम र सुदृढ बनाउने,

२.८.३.१.३ कानूनको शासनको अभिवृद्धि हुने गरी कानुनमा समय सापेक्ष परिमार्जन/सुधार गर्ने,

२.८.३.१.४ मुद्दाहरूको अनुसन्धान तथा अभियोजन प्रणालीलाई सुदृढ र वैज्ञानिक बनाउने,

२.८.३.१.५ जन विश्वासमा अभिवृद्धि हुने गरी प्रभावकारी, एकीकृत र सक्षम न्याय प्रणालीको विकास गर्ने,

२.८.३.१.६ युवाहरुलाई अपराध कार्यमा प्रवृत्त हुनबाट रोक्न विविध कार्यक्रमहरु सञ्चालन गर्ने,

२.८.३.१.७विदेशी अपराधीहरुको निष्काशन प्रक्रिया र यस सम्बन्धी संयन्त्रलाई सुदृढ बनाउने,

२.८.३.१.८ पीडितलाई उपलब्ध गराउनुपर्ने सेवा सुविधानमा परिमार्जन, साक्षीको सुरक्षा गर्ने र कानुनी सहायता कार्यक्रम संचालन गर्दै जाने,

२.८.३.१.९ विवाद समाधानका वैकल्पिक उपायहरूको पहिचान, स्थापना र प्रयोग गर्दै जाने,

२.८.३.१.१० प्रहरीको बन्दी कक्ष, सुधार गृह र कारागारहरूलाई मानवीय सेवा सुवधाहरू युक्त बनाउँदै जाने,

२.८.३.१.११ न्याय सेवा र सूचनामा नागरिकहरूको पहुँच बढाउन नागरिकहरूको अधिकार र कर्तव्यबारे जागरण अभियान सन्चालन गर्ने,

२.८.३.१.१२ सबै क्षेत्रमा भ्रष्टाचार नियन्त्रणका उपायहरूलाई प्रभावकारी रूपमा अवलम्बन गर्ने, र

२.८.३.१.१३ मानवअधिकारको पालना, संरक्षण र सम्बर्द्धनका लागि प्रशिक्षण र पैरवी आदिका माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने र यसको अनुगमन गर्ने ।

**२.८.४ रणनीतिक लक्ष्य**

हिंसा र आतंकको समस्याबाट नेपाललाई मुक्त राखी सुरक्षाको प्रत्याभूति दिने ।

**२.८.४.१ कार्यनीतिहरू**

२.८.४.१.१ हिंसात्मक र आतंकवादी क्रियाकलापको निरोध र नियन्त्रणका लागि सार्वजनिक सूचना प्रवाह लगायत कार्यक्रमहरु सञ्चालन गर्ने,

२.८.४.१.२ सीमा तथा अध्यागमनको प्रभावकारी नियमन, व्यवस्थापन र नियन्त्रण गर्ने र यस सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने,

२.८.४.१.३ आतंकवादी घटना रोकथाम गर्न सूचना तथा सुरक्षा संयन्त्रको क्षमता अभिवृद्धि गर्ने,

२.८.४.१.४ राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता परिपूर्ति हुने गरी हिंसा र आतकंवादी क्रियाकलाप नियन्त्रण गर्न कानुनमा समयसापेक्ष सुधार र परिमार्जन गर्ने,

२.८.४.१.५ नेपाली भूमीलाई मित्र राष्ट्रहरुको विरुद्धमा प्रयोग हुन नदिनका लागि सूचना र सुरक्षा व्यवस्था सुदृद्ध गर्दै अवाञ्छित गतिविधिहरु नियन्त्रण र निस्तेज गर्ने,

२.८.४.१.६ संगठित अपराध, आतंकवाद, लागूपदार्थ, सीमाक्षेत्र अपराध तथा सीमापार अपराध जस्ता क्षेत्रीय तथा अन्तर्राष्ट्रिय साझा समस्या समाधानमा योगदान गर्ने, र

२.८.४.१.७ संगठित अपराधको रोकथामका लागि स्थापित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूसंग आबद्धता र सहकार्य गर्ने ।

**२.८.५ रणनीतिक लक्ष्य**

नेपालको स्थल, जल तथा हवाई क्षेत्रको सुरक्षा गर्ने ।

**२.८.५.१ कार्यनीतिहरू**

२.८.५.१.१ नेपालको स्थल, जल तथा हवाइ क्षेत्रको उपयोग तथा संयन्त्रको क्षमतामा अभिवृद्धि गर्ने र कानूनको कार्यान्वनय पक्षलाई भरपर्दो र दिगो बनाउने,

२.८.५.१.२ द्विपक्षीय तथा बहुपक्षीय सन्धी, सम्झौता र समझदारी गर्दा नेपालको सुरक्षा चासो र सरोकारलाई पहिलो प्राथमिकतामा राख्ने,

२.८.५.१.३ कुनै पनि सैन्य खतराको निराकरण र सामना गर्नसक्ने गरी नेपालको सैन्य क्षमताको सामरिक र सामयिक रूपमा बृद्धि गर्ने,

२.८.५.१.४ विद्रोह र अवैधानिक क्रियाकलपा हुन नपाउने गरी सूचना संयन्त्र प्रभावकारी बनाउने, सूचनाको सञ्जाल निर्माण गर्ने र कार्यान्वयन पक्ष एकीकृत, समन्वयात्मक र प्रभावकारी रुपमा सम्पादन गर्ने,

२.८.५.१.५ सम्बन्धित निकायहरूबीच समन्वय र सहयोगको विश्वसनीयता अभिवृद्धि गर्ने,

२.८.५.१.६ नेपालबाहिर जाने प्रस्थान बिन्दु र नेपालभित्र प्रवेश हुने प्रवेश विन्दुहरूको नियमन, नियन्त्रण र व्यवस्थापन क्षमता वृद्धि गर्नुका साथै हवाई मार्गमा आगमन र बर्हिगमनको व्यवस्थापन, सुरक्षा र अनुगमन प्रभावकारी र विश्वसनीय बनाउने,

२.८.५.१.७ सुरक्षा सरोकारका व्यक्तिहरू, निष्काशन गर्नुपर्ने व्यक्तिहरू, अपराधीहरू र आप्रवासीहरूको गतिविधिको अनुगमन गर्ने क्षमताको विकास गर्ने,

२.८.५.१.८ राष्ट्रिय सुरक्षामा आउने आपतकालीन स्थितिको व्यवस्थापन गर्ने पूर्व तयारी योजना तर्जुमा र कार्यान्वयन गर्ने,

२.८.५.१.९ सीमा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रविधियुक्त सुरक्षा जाँच केन्द्र स्थापना गर्ने, र

२.८.५.१.१० राजमार्ग सुरक्षा व्यवस्थासम्बन्धी कार्यनीति बनाई लागू गर्ने ।

**२.८.७रणनीतिक लक्ष्य**

सुदृढ सुरक्षा व्यवस्थाका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षामा नेपालको योगदान अभिवृद्धि गर्दै जाने ।

**२.८.७.१ कार्यनीतिहरु**

२.८.७.१.१ संयुक्त राष्ट्र संघका माध्यमबाट विश्व शान्ति अभियानमा सहभागी भई योगदान गर्ने,

२.८.७.१.२ नेपालले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धता अनुरुप कार्य गर्ने,

२.८.७.१.३ शान्ति र सुरक्षा सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नीतिहरुको निर्माण तथा विकासमा योगदान गर्न क्षमता अभिवृद्धि गर्ने,

२.८.७.१.४ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षामा सहयोग अभिवृद्धि गर्दै जाने,

२.८.७.१.५ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा सूचना समन्वय र साझेदारी अभिवृद्धि गर्ने,

२.८.७.१.६ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षा घटनाहरुलाई सम्बोधन र अनुगमन गर्नसक्ने गरी संयन्त्रहरुको क्षमता अभिवृद्धि गर्ने,

२.८.७.१.७क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षा सहयोगको महत्व बोध हुने गरी जनचेतना अभिवृद्धि गर्ने,

२.८.७.१.८ आप्रवासी/शरणार्थी व्यवस्थापनको क्षमता अभिवृद्धि गर्ने, र

२.८.७.१.९ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा द्वन्द्व रोकथाम, संकट व्यवस्थापन, शान्ति स्थापना तथा मानवीय सहायोगका कार्यहरुमा योगदान गर्ने र तदनुरुप क्षमता अभिवृद्धि गर्ने ।

**२.८.८ कार्यनीतिहरु**

सुदृढ अर्थतन्त्रको विकास र सामाजिक/सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि वातावरण निर्माण र आर्थिक सुरक्षाको प्रत्याभूति ।

**२.८.१.१ कार्यनीतिहरु**

२.८.१.१.१ अर्थतन्त्र निर्भर रहने महत्वपूर्ण आर्थिक साधन र दायित्वहरुलाई दिगो र सुरक्षित बनाउन प्रभावकारी सुरक्षा संयन्त्र निर्माण गर्ने,

२.८.१.१.२ सामाजिक-आर्थिक क्षेत्रका समस्यालाई सम्बोधन हुने गरी संगठन तथा कार्यक्रममा समन्वय स्थापित गर्न एकीकृत र बहुपक्षीय संयन्त्र निर्माण गर्ने,

२.८.१.१.३ राजश्व चुहावट, भ्रष्टाचार र आर्थिक अपराध नियन्त्रण गर्न, आर्थिक संकटको जोखिम न्यून गर्न तथा आर्थिक क्षेत्रको प्रवर्द्धन गर्न अनुगमन, नियमन तथा सुपरिवेक्षणको नीति निर्माण गर्ने र तदनुरुप कानूनी व्यवस्था गर्ने,

२.८.१.१.४ विद्युतीय वित्तीय संरचनाको रक्षा र संरक्षणका लागि साइवर सञ्जाल निर्माण गर्ने,

२.८.१.१.५ सार्वजनिक तथा नीति सम्पत्ति र संरचनाको संरक्षण हुने गरी औद्योगिक द्वन्द्व न्यूनीकरण गर्ने र द्वन्द्व व्यवस्थापन संयन्त्रको विकास गर्ने,

२.८.१.१.६ लागूऔषध दुरुपयोगको समस्यालाई प्रभावकारी रुपमा सम्बोधन गर्न, रोकथाम, माग व्यवस्थापन नीति र कार्यक्रममा अभिवृद्धि गर्नसक्ने गरी क्षमता अभिवृद्धि गर्ने,

२.८.१.१.७ सामाजिक/सार्वजनिक सेवा प्रवाहलाई दिगो बनाउन तथा वातावरण सुरक्षित गर्न सुरक्षा सेवा क्षमतामा अभिवृद्धि गर्ने,

२.८.१.१.८ आर्थिक स्रोत र साधनलाई सामाजिक न्यायको सिद्धान्त तथा आर्थिक उपलब्धिको न्यायोचित वितरण सिद्धान्तको आधारमा उपयोग गर्ने र आर्थिक सुरक्षाको प्रत्याभूति दिने,

२.८.१.१.९ आर्थिक संरचनात्मक परिवर्तन, आर्थिक कुटनीतिमा आधारित वैदेशिक आर्थिक सम्बन्ध, वित्तिय बजेट तथा मौद्रिक नीति जस्ता क्षेत्रमा सामञ्जस्यपूर्ण नीति अवलम्वन गर्ने,

२.८.१.१.१० विभिन्न उत्पादनमूलक क्षेत्रहरुलाई सुरक्षा प्रदान गर्नसक्ने गरी सामरिक महत्वको क्षेत्रका रुपमा मान्यता प्रदान गर्ने,

२.८.१.१.११ वैदेशिक लगानीका क्षेत्रहरुको निर्धारण र प्राथमिकीकरण गरी लगानी नीतिलाई प्रोत्साहन गर्ने,

२.८.१.१.१२ विभिन्न मुलुकहरुसँग आर्थिक तथा व्यापारिक सम्बन्ध विकास गर्दा निम्न अवस्थाबाट सुरक्षित रहने,

२.८.१.१.१२.१ देशको अर्थतन्त्र र खास गरी यसको सामरिक महत्वका क्षेत्रहरु कुनै एक देशबाट वा विभिन्न देशको समूहको प्रभाव र दबावमा रहने अवस्था, र

२.८.१.१.१२.२ देश नै विदेशीहरुका लागि कच्चा पदार्थको स्रोतस्थल बन्ने अवस्था ।

२.८.१.१.१३ विदेशबाट आयात गर्नुपर्ने सामरिक महत्वका कच्चा पदार्थ तथा उपकरणहरुको परिमाण र कुनैपनि देशबाट ल्याउनुपर्ने विशेषज्ञ तथा कामदारहरु नेपालको सुरक्षाका विषयमा दखल दिन नसक्ने संख्यामा मा सीमित गर्ने,

२.८.१.१.१४ देशको मुख्य सामाजिक र आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई स्वदेशी वा विदेशी रोजगारका लागि सीपयुक्त जनशक्तिका रुपमा सहभागी गराउन विकास गर्ने । नेपालबाट विदेशमा जनशक्ति पठाउँदा सम्बन्धित व्यक्तिले पाउने आर्थिक लाभ निश्चित गर्ने र आर्जित विदेशी मुद्रा नेपालमा स्थानान्तरण प्रक्रिया सुलभ गराउने,

२.८.१.१.१५ आर्थिक अपराध तथा मुद्रा अपचलन जस्ता कार्यहरु रोक्न पर्याप्त कानूनी व्यवस्थासहित आर्थिक गुप्तचरी संस्था तथा अनुसन्धानलाई सशक्त बनाउने,

२.८.१.१.१६ नेपालको सामाजिक तथा आर्थिक विकासका निम्ति आर्थिक कूटनीति अवलम्बन गर्ने,

२.८.१.१.१७ स्थान विशेषको सापेक्षिक हिसावले अनाश्रित तथा एकीकृत ढंगले विकास गर्न आर्थिक क्षेत्रहरुको स्थापना गर्ने,

२.८.१.१.१८ विदेशी लगानीकर्ताहरुको आर्थिक लाभ वा स्वार्थको संरक्षण गर्दा तिनीहरुलाई प्रदान गरिने प्रोत्साहन तथा छुट, स्वदेशी लगानीकर्ता तथा उत्पादनकर्ताहरुले प्राप्त गर्ने छुट तथा आर्थिक अनुदानभन्दा बढी हुने परिस्थिति आउन नदिने र यस्तो व्यवस्थाको पालना भए नभएको नियमन तथा निगरानी गर्ने,

२.८.१.१.१९ जनशक्ति जलस्रोत र पर्यटनलाई देशको आर्थिक मेरुदण्डका रुपमा प्राथमिकताका साथ विकास गर्ने,

२.८.१.१.२० कृषिको आधुनिकीकरण र व्यवसायिकरण गर्ने,
२.८.१.१.२१ देशमा भएका उर्जाका स्रोतलगायत खनिज पदार्थहरुको अन्वेषण र उपयोग गर्ने, र
२.८.१.१.२२ भूपरिवेष्ठित मुलुकका हैसियतले समुन्द्री मार्गको उपयोग तथा सामुद्रिक प्राकृतिक स्रोतको प्रयोग सम्बन्धी अधिकार र दायित्वको सुनिश्चितताका लागि कार्य गर्ने ।

**२.८.९ रणनीतिक लक्ष्य**

प्राकृतिक स्रोतको संरक्षण गर्ने र पर्यावरणीय सन्तुलन कायम राख्दै विपद्जन्य दायित्वको लागि कार्य गर्ने ।

**२.८.९.१ कार्यनीतिहरु**

२.८.९.१.१ विपद् व्यवस्थापनका सबै चरणका लागि पूर्व तयारी गर्न र विपद् व्यवस्थापनबारे चेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने र क्षमता विकास गर्ने,
२.८.९.१.२ नेपालको भूमि, जल तथा हवाई क्षेत्रका प्राकृतिक स्रोतको उपयोगको अनुगमन तथा निगरानी व्यवस्थालाई प्रभावकारी बनाउने तथा तद्नुरुप क्षमता अभिवृद्धि गर्ने,
२.८.९.१.३ संवेदनशील क्षेत्रलगायतका क्षेत्रको विकास योजना प्रक्रियामा समेत नीति निर्देशन गर्न र विपद् रोकथाम गर्न कानूनी व्यवस्था गर्ने र तदनुरुप क्षमता विकास गर्दै जाने,
२.८.९.१.४ नेपालको प्राकृतिक स्रोत माथिको अतिक्रमण र अत्यधिक दोहन र शोषण रोक्न, त्यस्तो प्रवृत्तिलाई निरुत्साहित र दण्डित गर्न नीति र कानूनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने तथा तद्नुरुप क्षमताको विकास गर्ने,
२.८.९.१.५ कानुन उल्लंघनको प्रतिवेदन प्रणाली तथा योजना प्रक्रियामा जनसहभागिता जुटाउन नागरिक शिक्षा तथा जनचेतनामूलक कार्यक्रम वृद्धि गर्ने,
२.८.९.१.६ विपद् पूर्व, विपद् अवधी र विपद् पश्चातका लागि समेत विपद् रोकथामका उपायहरुको प्रबर्द्धन, उद्धार, राहत, पुनर्स्थापना प्रयोजनका लागि आकस्मिक राहत सहयोग परिचालन गर्ने एवं विपद् व्यवस्थापन कोष स्थापना र विकास गर्ने,
२.८.९.१.७ पर्यावरण एवम् जलवायु परिवर्तन र प्राकृतिक स्रोतको जथाभावी प्रयोग तथा अपर्याप्त संरक्षणका कारण मानव परिवेश तथा अर्थतन्त्रमा नै नकारात्मक असर पर्नबाट बचाउने उपायहरुको अवलम्बन गर्ने,
२.८.९.१.८ मानिसका आधारभूत आवश्यकता, नवीकरण गर्न सकिने प्राकृतिक स्रोत⁄उर्जाको सीमाभित्र रहेर मात्र पूर्ति गर्ने नीति लिने,
२.८.९.१.९ दीगो विकासका लागि वायुमण्डल संरक्षण, ओजोन तहको संरक्षण, वायु प्रदुषण नियन्त्रण र अनुगमन प्रणालीको विकास गर्ने,
२.८.९.१.१० नदी नालाहरुलाई प्रदुषण रहित बनाउन औद्योगिक निकाश र जैविक निकाश प्रशोधन गरेर मात्र फाल्न पाउने व्यवस्था मिलाउने,
२.८.९.१.११ नेपालको विशिष्ट पर्यावरणीय क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमै संरक्षित पर्यावरणीय क्षेत्रभित्र समावेश गर्ने नीति लिने, र
२.८.९.१.१२ भौगोलिक विविधता र विभिन्न क्षेत्रको वातावरण, हावापानी तथा माटोको गुण अनुरुप हुने गरी भू-उपयोग नीति अवलम्बन गर्ने र तदनुरुप कार्यक्रमहरु सञ्चालन गर्ने ।

**२.८.१० रणनीतिक लक्ष्य**

सूचना संयन्त्रमा सूचना प्रणाली र सुरक्षा संयन्त्रको प्रभावकारी परिचालनका लागि क्षमता अभिवृद्धि गर्ने तथा सूचना सुरक्षाको प्रत्याभूति गर्ने ।

**२.८.१०.१ कार्यनीतिहरु**

२.८.१०.१.१ चुनौती र जोखिमको विश्लेषण र व्यवस्थापन गर्ने गरी सुरक्षा निकायको अनुसन्धान क्षमतामा अभिवृद्धि गर्दै आवश्यकता अनुसार रुपान्तरण गर्ने,

२.८.१०.१.२ सुरक्षाको प्रभावकारी व्यवस्थापन र व्यवसायिक कुशलता अभिवृद्धिका लागि प्रतिस्पर्धी क्षमताको विकास गर्ने र त्यसका लागि कार्यक्रमहरु बनाउने,

२.८.१०.१.३ सुरक्षा संयन्त्रलाई सक्षम, लचकदार, परिवर्तनमुखी, भरोसायुक्त, दिगो र कार्यकुशल तुल्याउने,

२.८.१०.१.३.१ पुननिर्माणका लागि संयन्त्रको क्षमतामा अभिवृद्धि गर्ने,

२.८.१०.१.३.२ रुपान्तरणका लागि :

२.८.१०.१.३.२.१ अनुसन्धान र विकासमा लगानी वृद्धि गर्ने,

२.८.१०.१.३.२.२ सम्भावित खतराको सामना गर्न आवश्यक संयन्त्र निर्माण गर्ने,

२.८.१०.१.३.२.३ सूचना संकलन र विश्लेषणका लागि नयाँ प्रविधिको उपयोग गर्ने, र

२.८.१०.१.३.२.४ नयाँ सम्भावनाहरुको खोजी र बिस्तार गर्ने ।

२.८.१०.१.३.४ राष्ट्रिय सुरक्षा, सामरिक स्थिति, राष्ट्रिय हित र स्वार्थ अनुरुपका गोप्य राखिनुपर्ने सूचनाहरुको गोपनीयता कायम गर्ने,

२.८.१०.१.३.५ सुरक्षा संयन्त्रको परिचालन, नीति विकास र निर्देशनका लागि रणनीति सूचनाको संकलन, विश्लेषण र उपयोग गर्ने,

२.८.१०.१.३.६ अन्तर निकाय सहयोग र सूचना समन्वयका लागि संयन्त्रगत व्यवस्था गर्ने,

२.८.१०.१.३.७ सूचना संकलन र सहयोगका लागि क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्रको उपयोग गर्ने,

२.८.१०.१.३.८ आतंकवादी, उच्च खतरा भएका व्यक्तिहरु, शंकास्पद व्यक्तिहरु, निष्काशित अपराधीहरुको पहिचान र अनुगमन गर्ने क्षमताको विकास गर्ने,

२.८.१०.१.३.९ सीमा अनुगमन र नियमन क्षमतामा अभिवृद्धि गर्ने,

२.८.१०.१.३.१० सीमामा हुने क्रियाकलाप, आर्थिक प्रवाह नियमन र अनुगमन क्षमताको विकास गर्ने,

२.८.१०.१.३.११ सम्भाव्य द्वन्द्वकर्ताको पहिचानर अनुगमन गर्ने तथा द्वन्द्व व्यवस्थापन क्षमताको विकास गर्ने,

२.८.१०.१.३.१२ तथ्यांक संकलन, विश्लेषण, प्रशोधन तथा उपयोग क्षमतामा अभिवृद्धि गर्ने,

२.८.१०.१.३.१३ देशको आन्तरिक तथा बाह्य परिस्थिति बारे बहुस्रोत सूचनाको तथ्यांकीय आधार विकास गर्ने र सूचना बैंक निर्माण गरी सम्बद्ध निकायहरुबीच सूचनामा पहुँच र उपयोगका लागि सञ्जाल तयार गर्ने,

२.८.१०.१.३.१४ आमसञ्चार संस्था र साधनलाई विदेशी नागरिक वा संगठनको अधीनमा पर्नबाट रोक्ने वा सुरक्षित राख्ने,

२.८.१०.१.३.१५ कम्प्युटरमा राखिएका सूचनाहरुको सुरक्षार्थ कानूनी सुरक्षा र राष्ट्रिय संरचना निर्माण गर्ने,

२.८.१०.१.३.१६ नेपाललाई अन्तर्राष्ट्रिय सूचना सञ्जालमा आवद्ध गर्न र प्रभावकारी संयन्त्रको विकास गर्दै यस्तो संयन्त्रबाट नेपाल सम्बन्धी सत्य तथा वस्तुपरक सूचनाहरु प्रवाह गर्ने,

२.८.१०.१.३.१७ राष्टिट्रय स्वतन्त्रता, संस्कृति तथा जीवन पद्धति, चालचलन र परम्परालाई नकारात्मक प्रभाव पार्ने सूचना र घुसपैठबाट देशलाई जोगाउने,

२.८.१०.१.३.१८ आकाशवाणी र रेडियो प्रकृतिका यन्त्रहरुको फ्रिक्वेन्सीको व्यवस्थापन, नियन्त्रण, नियमन, अनुगमन तथा व्यवस्थापन गर्ने, र

२.८.१०.१.३.१९ राष्ट्रिय गुप्तचर संगठनलाई सक्षम बनाई प्रतिगुप्तचर क्षमतामा वृद्धि गर्ने । यसको कार्य क्षेत्रमा उद्योग, विकास योजना, सीमा क्षेत्र र उपक्षेत्रलाई समेत समावेश गर्ने ।

**२.८.११ रणनीतिक लक्ष्य**

सुरक्षा व्यवस्थापनमा जन साझेदारी अभिवृद्धि गर्ने ।

**२.८.११.१ कार्यनीतिहरु**

२.८.११.१.१ 'सुरक्षा व्यवस्थापनमा योगदानः नागरिक कर्तव्य र सम्मान' अवधारणालाई आत्मसात गराउन र मूर्तरुप दिन जनचेतना अभियान सञ्चालन गर्ने,

२.८.११.१.२ सामुदायिक प्रहरीको अवधारणालाई स्थापित र बिस्तार गर्न जन साझेदारीमा अभिवृद्धि गर्ने,
२.८.११.१.३ समाजमा उत्पन्न हुने सानातिना विवाद र समस्याहरुको समाधान र मध्यस्थताका लागि नागरिक समाज र जनताको नेतृत्वदायी भूमिका स्थापित गर्दै जाने,
२.८.११.१.४ सुरक्षा व्यवस्थापनमा टोल, समुदाय, स्थानीय निकायहरुलाई सहयोगीका रुपमा संलग्न गराउँदै तिनीहरुको संस्थागत क्षमता विकास गर्दै जाने,
२.८.११.१.५ धार्मिक, क्षेत्रीय, वर्गीय, जातीय तथा लैङ्गिक सामानता , सामञ्जस्य र सामाजिक सद्भाव कायम गर्न नागरिक समाजलाई अभिमुख गराउने,
२.८.११.१.६ सुरक्षा व्यवस्थापनमा भूतपूर्व सेना, प्रहरी र निजामती कर्मचारीहरुलगायत सबै राष्ट्रसेवकहरुको अनुभव, सीप र क्षमताको उपयोग गर्दै जाने,
२.८.११.१.७ राष्ट्रलाई आवश्यक परेको बेला तोकेर उमेर समूहका सबै नागरिकहरुलाई सुरक्षा सम्बन्धी सेवामा तत्काल परिचालन गर्न सकिने गरी प्रशिक्षणको व्यवस्था गर्ने,
२.८.११.१.८ राष्ट्रिय सेवा दल, नेपाल स्काउटजस्ता संस्थाहरुको पहुँच तथा गतिविधिलाई देशभर बिस्तार गरी स्थानीयस्तरको नेतृत्व विकास तथा अनुशासित तथा देशभक्त युवा जनशक्तिको निर्माण गर्दै जाने ।

**२.८.१२ रणनीतिक लक्ष्य**

राष्ट्रिय सुरक्षा र सरोकारका विषयमा राष्ट्रिय सहमतिको विकास गर्ने ।

**२.८.१२.१ कार्यनीतिहरु**

२.८.१२.१.१ राष्ट्रिय सुरक्षा र राष्ट्रिय सरोकारका विषयमा देशको एउटै सोच हुने वातावरण निर्माण गर्ने,
२.८.१२.१.२ सुरक्षा संस्कृतिको विकासका लागि जनताको मानसिकतामा रुपान्तरण गर्न पैरवी समेतका माध्यमबाट जनचेतना अभियान चलाउने,
२.८.१२.१.३ सुरक्षा संयन्त्रलाई जनताको सहयोगीका रुपमा स्थापित गर्न सुरक्षा संयन्त्र र जनताबीचको सम्बन्धलाई बलियो र निकट तुल्याउने,
२.८.१२.१.४ सुरक्षा संस्कृतिको विकासका लागि शैक्षिक पाठ्यक्रममा यो विषय समावेश गर्ने, र
२.८.१२.१.५ राष्ट्रिय सरोकारका विषयमा सहकार्य, सहमति, कर्तव्यपालना, सद्भाव र समन्वयको अवधारणालाई सुरक्षा संस्कृतिको अभिन्न अंग बनाउने ।

**२.८.१३ रणनीतिक लक्ष्य**

संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको विकेन्द्रिकरण र जवाफदेहिताको विकास गर्न तथा तिनलाई समयानुकूल बनाउने र व्यवस्थित गर्ने,

**२.८.१३.१ कार्यनीतिहरु**

२.८.१३.१.१ सुरक्षा व्यवस्थापनका सन्दर्भमा अधिकारको विकेन्द्रिकरण गर्ने र सो प्रयोजनका लागि जिम्मेवार पदाधिकारी र प्रयोगकर्तालाई जवाफदेही बनाउने,
२.८.१३.१.२ जवाफदेहिता र पारदर्शीतालाई प्रणालीका रुपमा स्थापित गर्दै पुरस्कार र दण्ड प्रक्रियालाई प्रभावकारी बनाउने,
२.८.१३.१.३ शासकीय सुधारको अवधारणालाई मूर्तरुप दिन आवश्यक ऐन, नियम, कार्यविधि निर्माण तथा परिमार्जन गर्दै जाने,
२.८.१३.१.४ सुरक्षा संयन्त्रका हरेक पदको कार्य विवरण तथा कार्य सम्पादन सूचक निर्माण गरी सूचकलाई मूल्यांकन प्रणालीको आधारमा विकसित गर्ने,
२.८.१३.१.५ सुरक्षा संन्यत्रको कार्यसम्पादनलाई थप प्रभावकारिता बनाउनका लागि कुनै पनि प्रकारका दबाव तथा हस्तक्षेपबाट मुक्त राख्ने,
२.८.१३.१.६. सुरक्षा संयन्त्रको स्थानीय तहको संस्थागत विकास गर्दै स्थानीय तहमा नै नेतृत्व विकास गर्दै जाने ।

**२.८.१४ रणनीतिक लक्ष्य**

नेपालको राज्य व्यवस्था तथा यसको सामाजिक-आर्थिक संरचना र राज्य व्यवस्थाको रक्षा गर्ने ।

**२.८.१४.१ कार्यनीतिहरु**

२.८.१४.१.१ संविधानको मर्म, सिद्धान्त तथा व्यवस्थासँगत हुने गरी सुरक्षासम्बद्ध ऐन, कानून बनाउने र लागू गर्ने,

२.८.१४.१.२ राष्ट्र सेवाको उच्चतम मान्यता र आदर्शले प्रेरित, योग्यता र व्यवसायिक कुशलताका आधारमा निजामती तथा अन्य सेवालाई कानूनी व्यवस्थाद्वारा सञ्चालन गर्ने,

२.८.१४.१.३ सबै नेपाली जनताको सम्मान, अपनत्व र सहभागिता हुने पद्धतिको विकास गर्ने ,

२.८.१४.१.४ धार्मिक सद्भाव र सहिष्णुताको विकास गर्ने,

२.८.१४.१.५ सबै वर्ग, क्षेत्र, समुदायका जनता र नेतृत्वलाई राष्ट्रिय हितविपरीतका प्रवृत्ति र प्रभावबाट जोगाउन/बचाउनका लागि आवश्यक वातावरणको सिर्जना गर्ने र उपयुक्त रोकथाम तथा सुरक्षात्मक उपायहरु अवलम्बन गर्ने,

२.८.१४.१.६ संयुक्त राष्ट्रसंघका बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तलाई परराष्ट्र नीति र सम्बन्धको आधार बनाउने, र

२.८.१४.१.७ सहमति, सद्भाव, समानता र सह-अस्तित्वको अभिवृद्धि गर्ने ।

**२.८.१५ रणनीतिक लक्ष्य**

नागरिक हक तथा स्वतन्त्रताको रक्षा गर्ने ।

**२.८.१५.१ कार्यनीतिहरु**

२.८.१५.१.१ संविधान प्रदत्त नागरिक हक तथा स्वन्त्रताको प्रत्याभूतिका लागि कानूनी व्यवस्था गर्ने,

२.८.१५.१.२ कुनैपनि प्रकारका शोषण तथा उत्पीडनको मूल कारण पत्ता लगाई पीडितलाई पुनर्स्थापना गर्ने, शोषण उत्पीडनको पुनरावृत्ति हुन नदिने कानूनी व्यवस्था गर्ने र न्यायिक उपचारको प्रत्याभूति प्रदान गर्ने,

२.८.१५.१.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका क्रियाकलापलाई जनता केन्द्रित र पारदर्शी बनाउन समन्वय, अनुगमन, यिनमन र नियन्त्रण गर्ने,

२.८.१५.१.४ नागरिकलाई आफ्नो दायित्व निर्वाहमा क्रियाशील गराउन, तथा सद्भाव र सहिष्णुता विकास गर्न जनचेतना अभियान सञ्चालन गर्ने,

२.८.१५.१.५ नागरिक हकको प्रचलन र कर्तव्यको पालना समानान्तर रुपमा विकास र स्थापित गर्ने ।

**२.८.१६ रणनीतिक लक्ष्य**

राष्ट्रको वैज्ञानिक सम्भाव्यता तथा वौद्धिक प्रतिस्पर्धात्मक क्षमतालाई बढाउन प्रविधि, सूचना तथा अनुसन्धानको अधिकतम उपयोग गर्न उपयुक्त वातावरण निर्माण गर्ने,

**२.८.१६.१ कार्यनीतिहरु**

२.८.१६.१.१ अनुसन्धानात्मक कार्यलाई प्रोत्साहन दिने, वैज्ञानिक आविष्कार तथा वौद्धिक सम्पत्तिलाई सुरक्षित राख्ने र नेपालका लागि आवश्यक विदेशी प्रविधिको प्रवेशलाई सहज तुल्याउने ।

२.८.१६.१.२ नेपालको प्राकृतिक स्रोत, खाद्य तथा कृषिजन्य कच्चापदार्थहरुलाई प्रयोगमा ल्याउनका लागि नेपालको उपयुक्त प्रविधिको विकास तथा उपयोग गर्ने,

२.८.१६.१.३ एकीकृत राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक सूचना सञ्जाल एवम् सूचना तथ्यांक बैंकको स्थापना र विकास गर्ने,

२.८.१६.१.४ विज्ञान तथा प्रविधि विकासको कार्यमा निजी क्षेत्रलाई संलग्न गराई विज्ञान तथा प्रविधिको प्रतिस्पर्धात्मक क्षमता तथा विकासलाई सुदृढ र दिगो बनाउने,

२.८.१६.१.५ अन्तर्राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक सहयोगको विकास गर्ने तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र समन्वयमा राष्ट्रिय हित सुरक्षित गर्ने,

२.८.१६.१.६ राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक परम्परा र तरिकालाई जोगाउन स्थानीय ज्ञानलाई स्तरीकरण गर्ने क्षमता बढाउने र समयानुकूल वृद्धि गर्ने, र

७. सूचना प्रविधिको विकास र बिस्तार गर्ने ।

**२.८.१७ रणनीतिक लक्ष्य**

नेपाल राष्ट्र र यसको विकास तथा नेपाली जनताको संस्कृति तथा जीवनपद्धतिको रक्षागर्ने ।

**२.८.१७.१ कार्यनीतिहरु**

२.८.१७.१.१ नेपाली मौलिक सभ्यता तथा संस्कृतिको रक्षा गर्न नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । नेपाली सभ्यता र संस्कृतिलाई नेपालको आर्थिक, सामाजिक, राजनीतक भौतिक तथा बौद्धिक जीवनमा आवद्ध गरी संरक्षण विकास गर्ने,

२.८.१७.१.२ नेपालको राष्ट्रिय बौद्धिक क्षमतालाई संरक्षण तथा विकास गर्ने,

२.८.१७.१.३ नेपाली प्राचीन कला, सांस्कृति सम्पदा र स्मारकहरुको संरक्षण र पनुर्स्थापना गर्ने,

२.८.१७.१.४ नेपाली परम्परागत अनुभव तथा सीपको सम्बर्द्धन र प्रवर्द्धन गर्ने,

२.८.१७.१.५ नेपालीहरुको प्रकृतिसँग मिलेर बस्न र बाँच्न सक्ने अन्तर्निहित क्षमता, राष्ट्र र जनताप्रतिको आस्था तथा दायित्व बोध तथा सामाजिक/धार्मिक सद्भाव जस्ता कुराको संरक्षण र सम्बर्द्धन गर्ने ।

**२.८.१८ रणनीतिक लक्ष्य**

नेपाली जनताको जीवन र स्वास्थ्यको रक्षा गर्दै भावी पुस्ताको परिपोषण, संरक्षण र दिगो विकास सुनिश्चित गर्ने ।

**२.८.१८.१ कार्यनीतिहरु**

२.८.१८.१.१ अव्यवस्थित, असुरक्षित तथा विकासको प्रतिफलबाट विमुख भएका र छरिएर रहेका मानव बस्तीहरुलाई पहिचान, एकत्रित एवम् आवश्यकताअनुसार स्थानान्तरण गरी सुरक्षित, व्यवस्थित, वातावरणमैत्री एवम् आधुनिक बस्तीको रुपमा विकास गर्ने,

२.८.१८.१.२ स्वास्थ्य रक्षाका लागि रोग निरोधक उपाय अवलम्बन गर्ने विषयलाई नीति तथा कार्यक्रमको आधार बनाउने,

२.८.१८.१.३ लागूपदार्थ सेवन तथा एड्स जस्ता रोगहरुबारे जनचेतना जगाउने र यसका कारकहरुको निवारण गर्नुका साथै प्रतिरोधात्मक र प्रतिकारात्मक नीति अवलम्बन गर्ने,

२.८.१८.१.४ रेडियो धर्मीता, रासायनिक प्रदुषण तथा जैविक संक्रमणका साथै तिनबाट उत्पन्न हुने रोग तथा महामारीबाट बच्नका लागि निगरानी संयन्त्र स्थापना गरी कार्यक्रम कार्यान्वयन गर्ने,

२.८.१८.१.५ स्वास्थ्य सेवालाई नेपाली जनताको आधारभूत आवश्कयता र राज्यको दायित्वका रुपमा रहने गरी संरचना, स्तर र क्षमताको विकास गर्ने,

२.८.१८.१.६ समय सापेक्ष जनसंख्या नीति अवलम्बन गरी जन्मदर तथा मृत्युदर घटाउने,

२.८.१८.१.७ मानवीय सुरक्षामा प्रतिकूल असर पार्ने रासायनिक, जैविक, आणविक, विकरणीइ पदार्थ तथा विषदीको उत्पादन, भण्डारण, प्रयोग तथा ओसारपसारबाट सिर्जना हुने खतराबाट जनतालाई सु-सूचित र सुरक्षित रहने उपाय अवलम्बन गर्ने । त्यस्ता पदार्थको नियमन र नियन्त्रण गर्ने, र

२.८.१८.१.८ खाद्यान्न, इन्धन, औषधी लगायतका अत्यावश्यक सामग्रीहरुको न्यूनतम भण्डारण क्षमता निर्धारण गरी अभावको अवस्थामा आपूर्ति गर्न सकिने व्यवस्थित तथा सुरक्षित वितरण प्रणाली कायम गर्ने ।

**२.८.१९ रणनीतिक लक्ष्य**

गैरकानुनी सशस्त्र गतिविधि हुनसक्ने वातावरण सिर्जना हुन नदिने ।

**२.८.१९.१ कार्यनीतिहरु**

२.८.१९.१.१ कुनै पनि प्रकारका गैरकानुनी सशस्त्र गतिविधिका कारण र कारकहरुको पहिचान गरी तिनलाई निराकरण गर्न आवश्यक रणनीति तर्जुमा र कार्यान्वयन गर्ने,

२.८.१९.१.२ गैरकानुनी सशस्त्र गतिविधि हुन नपाउने गरी आर्थिक, सामाजिक, सांस्कृतिक र सामुदायिक कार्यक्रमहरु सञ्चालन गर्ने,
२.८.१९.१.३ गैरकानुनी सशस्त्र गतिविधिसंग सम्बन्धित पक्षबारे सूचना संकलन तथा विश्लेषण गरी एकीकृत र समन्वयात्मक रुपमा सुरक्षा संयन्त्र परिचालन गर्ने र सशस्त्र गतिविधिलाई निस्तेज गर्ने,
२.८.१९.१.४ गैरकानुनी सशस्त्र गतिविधिलाई निस्तेज, निष्कृय र प्रभावहीन बनाउन जनतालाई राजनीतिक एवम् सामाजिक रुपमा समेत प्रशिक्षित र क्रियाशील बनाउने,
२.८.१९.१.५ सशस्त्र गतिविधिलाई निस्तेज पार्न आवश्यक पर्ने कानुनको तर्जुमा र विद्यमान कानूनमना परिमार्जन गरि प्रभावकारी कार्यान्वयन गर्ने,
२.८.१९.१.६ सशस्त्र गतिविधि निस्तेज पार्न आवश्यक पर्ने विशिष्टीकृत सुरक्षा संयन्त्रको विकास गर्ने ।

## भाग-३
## राष्ट्रिय सुरक्षाको मार्ग निर्देशन र प्रमुख संस्थागत व्यवस्था

### ३.१ राष्ट्रिय सुरक्षा नीतिः निर्देशक नीति

३.१.१ राष्ट्रिय सुरक्षा नीति निर्देशक नीतिका रुपमा रहनेछ । क्षेत्रगत नीतिहरुको तर्जुमा गर्दा यस नीतिलाई ध्यानमा राख्नु पर्नेछ ।
३.१.२ राज्य सञ्चालनका सन्दर्भमा निर्माण हुने क्षेत्रगत नीतिहरुको राष्ट्रिय सुरक्षा नीतिसंग आवद्धता रहनेछ र सबै नीतिहरु बीच परिपुरक सम्बन्ध रहनेछ,
३.१.३ सुरक्षा व्यवस्थापन सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहका नीति कार्यक्रम र निर्णयहरु राष्ट्रिय सुरक्षा नीतिको प्राथमिकता, उद्देश्य, रणनीति र कार्यनीतिबाट निर्देशित हुनेछन्,
३.१.४ राष्ट्रिय सुरक्षा नीति तथा आन्तरिक सुरक्षा नीतिहरुको तर्जुमा तथा सुरक्षा निकाय बीचको अन्तरसम्बन्ध, परिचालन विधि समेत राष्ट्रिय सुरक्षा नीतिअनुरुप परिभाषित गरी कार्यान्वयन गरिनेछ ।
३.१.५ नेपालको संविधानमा उल्लेखित राज्यका नीतिहरुसंग राष्ट्रिय सुरक्षा नीतिको अन्तरसम्बन्ध र आबद्धता रहनेछ ।

### ३.२ राज्य शक्तिका संयन्त्र, सुरक्षा-समन्वय तथा संस्थागत व्यवस्था

३.२.१ नेपाली जनता नै राज्य शक्तिका मूल स्रोत र राष्ट्रिय सुरक्षाका प्रमुख आधार हुन् । आम रुपमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका तथा अन्य संवैधानिक अंगहरुको समग्र राष्ट्रिय सुरक्षामा आ-आफ्नो योगदान रहन्छ । राजनीतिक, आर्थिक, कूटनीतिक, कानुनको कार्यान्वयन, सैनिक, नागरिक सुरक्षा र गुप्तचरी तथा सांस्कृतिक र सामाजिक क्षेत्रको पनि राष्ट्रिय सुरक्षाको सन्दर्भमा आ-आफ्नो योगदान हुनेछ ।
३.२.२ विशेष रुपमा राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन तथा सुरक्षा संयन्त्रलाई परिचालन र निर्देशनका लागि देहाय बमोजिमका संस्थागत व्यवस्थाको भूमिका रहनेछ :
३.२.१.१ नेपाल सरकारक मन्त्रिपरिषद्,
३.२.१.२ राष्ट्रिय सुरक्षा परिषद्,
३.२.१.३ मन्त्रालय र अन्तर्गतका निकायहरु, र
३.२.१.४ सुरक्षा निकायहरु ।

**३.२.३** राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन, सूचना प्रवाह, निर्देशन तथा अनुगमनका सम्बन्धमा समन्वय र एकीकृत रुपमा संयोजन गर्न देहाय बमोजिमका निकायहरु क्रियाशील रहनेछन्:
३.२.३.१ राष्ट्रिय सुरक्षा परिषद्,
३.२.३.२ केन्द्रीय/संघीय सुरक्षा समिति, र

३.२.३.३ प्रादेशिक तथा स्थानीय, क्षेत्रीय तथा जिल्लास्तरका सुरक्षा समितिहरु ।

**३.३ नेपाली सेनाको प्रमुख जिम्मेवारी**

नेपाली सेनाले निम्न बमोजिम जिम्मेवारी बहन गर्नेछ :

३.३.१ नेपाली सेनाको प्रमुख कार्य नेपालको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डतालाई बाह्य घुसपैठ र आक्रमणबाट सुरक्षा गर्ने, सीमा सुरक्षाका लागि तत्पर रहने हुनेछ । राष्ट्रिय सुरक्षामा गम्भीर चुनौति उत्पन्न भएको अवस्थामा त्यसको सामना गर्न नेपाली नेपाली सेनाको प्रमुख सुरक्षा भूमिका हुनेछ ।

३.३.२ युद्ध बाहेकका क्रियाशील हुनुपर्ने परिस्थितिमा:

३.३.२.१ स्थानीय प्रशासनको नियन्त्रणभन्दा बाहिरको परिस्थिति उत्पन्न भएमा आन्तरिक सुरक्षा कायम गर्न सहयोग गर्ने,

३.३.२.२ प्रशासनीय नियन्त्रण बाहिर हिंसात्मक, विध्वंसात्मक तथा आतंकवादी कार्यहरु भएमा निस्तेज गर्ने,

३.३.२.३ गैरकानुनी सशस्त्र गतिविधि निस्तेज गर्ने,

३.३.२.४ आवश्यकताअनुसरा महत्वपूर्ण र संवेदनशील स्थानहरुको सुरक्षा गर्ने,

३.३.२.५ प्राकृतिक तथा मानव सृजित तथा प्रविधिजन्य विपदमा उद्धार कार्य गर्ने,

३.३.२.६ विकास निर्माणका कार्यहरुमा सहयोग पुर्‍याउने,

३.३.२.७ जनता, सरकार र सेनाबीचको सम्बन्धलाई सुमधुर तथा सुदृढ बनाउने र सुरक्षा चेतना अभिवृद्धिमा योगदान गर्ने,

३.३.२.८ राष्ट्रिय सम्पदाको संरक्षणमा आवश्यक सहयोग गर्ने,

३.३.२.९ सैनिक प्रविधि र अनुसन्धानको विकास गर्दै गोलीगठ्ठा, विष्फोटक पदार्थ लगायतका सुरक्षा निकायहरुले प्रयोगमा ल्याउने सामाग्रीहरुको उत्पादनमा आत्मनिर्भरता बढाउने तथा नेपाली सेनाको लागि आवश्यक हातहतियार लगायतका सामाग्रीको नियमित समीक्षा गर्दै आवश्यक सामाग्री प्राप्त गर्ने,

३.३.२.१० संवेदनशील तथा अन्तर्राष्ट्रिय सीमा क्षेत्र नजिक निर्माण हुने आयोजना एवम् विदेशी सहयोगमा निर्माण हुने सामरिक संरचनाको नियमित सुपरीवेक्षण गर्ने,

३.३.२.११ मित्रराष्ट्रका सेनाहरुसंग सैन्य सम्बन्ध विकसित गर्न सहयोग पुर्‍याउने,

३.३.२.१२ संयुक्त राष्ट्रसंघअन्तर्गत विश्व शान्ति स्थापनार्थ योगदान पुर्‍याउने नेपाल सरकारको परराष्ट्र नीतिलाई सघाउने,

३.३.२.१३ नेपालसंग दौत्यसम्बन्ध कायम भएका देशका राजदूतावासका सैनिक सहचारीहरुले सबै सुरक्षा निकायहरुसंग गर्ने सैनिक महत्वका गतिविधि एवम् अन्तरक्रियाहरुको समन्वय रक्षा मन्त्रालयमार्फत गर्ने, र

३.३.२.१४ नेपालको संविधान तथा कानुन बमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

**३.४ कानुन व्यवस्था कायम गर्नुपर्ने सुरक्षा निकायहरुको पहिलो जिम्मेवारी**

**३.४.१ नेपाल प्रहरी**

नेपाल प्रहरीले देहायको जिम्मेवारी बहन गर्ने छ :

३.४.१. देशमा कानुन व्यवस्था र आन्तरिक शान्ति सुव्यवस्था कायम गर्दै जनतालाई सुरक्षाको प्रत्याभूति दिई जनसहयोग र समर्थन प्राप्त गर्ने,

३.४.१.२ देशको कुनै पनि स्थानमा हुनसक्ने उपद्रब वा विध्वंस निरोधक कार्य गर्ने,

३.४.१.३ शान्ति सुरक्षा सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाह गर्ने,

३.४.१.४ अति विशिष्ट एवम् विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्था मिलाउने,

३.४.१.५ आन्तरिक शान्ति, सुरक्षा कायम गरी जनतालाई सुरक्षाको प्रत्याभूति दिन विश्वासिलो तथा सक्षम संगठनको विकासका लागि दीर्घकालीन योजना बनाई चरणबद्ध रुपमा कार्यान्वयन गर्दै जाने,

३.४.१.६ मुलुकभित्र सामाजिक, राजनीतिक, आर्थिक र विकाससम्बन्धी लक्ष्य हासिल गर्न सकिने गरी शान्ति सुव्यवस्था कायम राख्ने,

३.४.१.७ सबै प्रकारका अपराधिक क्रियाकलापको नियन्त्रण, रोकथाम, अनुसन्धान र तहकिकात गर्ने,

३.४.१.८ प्राकृतिक प्रकोप तथा मानव सिर्जित विपदबाट हुनसक्ने धनजनको क्षतिलाई न्यून गर्न रोकथाम, उद्धार तथा राहतको कार्य गर्ने,

३.४.१.९ सवारी साधनहरु सुचारु रुपले सन्चालन गर्न अनुगमन, नियन्त्रण तथा व्यवस्थापन गर्ने गरी जनतालाई दुर्घटना र खतराबाट बचाउने,

३.४.१.१० प्रदेश प्रहरी संगठनको सामान्य सन्चालन, समन्वय र सुपरिवेक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,

३.४.१.११ विदेशमा रहेका नेपालीहरुको अभिलेख राखी प्रतिकूल अवस्था सिर्जना हुँदाको बखत थप क्रियाशील रही अवाञ्छित गतिविधि निस्तेज पार्ने,

३.४.१.१२ सीमा क्षेत्रमा हुने अपराधिक गतिविधि नियन्त्रण गर्ने र त्यसको प्रयोजनको लागि छिमेकी देशका प्रहरी संगठनसंग समन्वय गर्ने,

३.४.१.१३ अन्तराष्ट्रिय प्रहरी संगठन (ईन्टरपोल) लगायत अन्य सरकारी तथा गैरसरकारी सुरक्षा संस्थासंग सम्बन्ध विस्तार गरी अन्तर्राष्ट्रिय अपराधिक तथा आतंककारी गतिविधि नियन्त्रण गर्न क्रियाशील रहने, र

३.४.१.१४ नेपालको संविधान तथा प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

## ३.४.२ सशस्त्र प्रहरी बल

सशस्त्र प्रहरी बलले देहायको जिम्मेवारी बहन गर्नेछ :

३.४.२.१ नेपालको कुनै भागमा भएको वा हुन सक्ने गैरकानुनी सशस्त्र गतिविधि, विद्रोह वा नेपालको राष्ट्रिय एकता र भौगोलिक अखण्डताविरुद्धका क्रियाकलाप, आतंककारी कार्य र दंगा नियन्त्रण गर्न आवश्यकताअनुसार परिचालित हुने,

३.४.२.२ अपहरण, लुटपाट, संगठित अपराध तथा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध भएमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा नियन्त्रण गर्न परिचालित हुने,

३.४.२.३ नेपाल राज्यको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनको लागि नेपाली सेना परिचालन भएको अवस्थामा नेपाली सेना परिचालन भएको अवधिभर सम्बन्धित ठाउँमा नेपाली सेनाको निर्देशनमा कार्य गर्ने,

३.४.२.४ नेपाल सरकारले तोकेको नेपाल सरकारले सुरक्षा दिनुपर्ने ठहऱ्याएका व्यक्ति, सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने ।

३.४.२.५ बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही काम गर्ने,

३.४.२.६ नेपालको सीमा सुरक्षा गर्ने,

३.४.२.७ नेपालको कुनै भागमा भएको वा हुनसक्ने विपद, प्राकृतिक प्रकोप र महामारीबाट पीडितको उद्धार गर्ने,

३.४.२.८ सशस्त्र प्रहरी बल, नेपालको संगठनात्मक संरचना, हातहतियार एवम् तालिमलाई क्रमशः अर्धसैनिक बलको रुपमा रुपान्तरण गर्दै जाने, र

३.४.२.९ नेपालको संविधान तथा प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

## ३.४.३ राष्ट्रिय अनुसन्धान विभाग

राष्ट्रिय अनुसन्धान विभागले देहायको जिम्मेवारी बहन गर्ने छ :

३.४.३.१ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान, एकता, हित र सामाजिक सद्भाव प्रतिकूलका गतिविधि वा कामहरुको बारेमा सूचना संकलन, विश्लेषण र सम्प्रेषण गर्ने,

३.४.३.२ नेपालको संविधान, कानुन र राज्यका विरुद्धमा आन्तरिक र बाहय रुपमा हुने क्रियाकलाप तथा त्यस्ता कार्यमा संलग्न संघ-संस्था, संगठन र व्यक्तिको बारेमा सूचना संकलन र विश्लेषण गरी आवश्यक निकायमा सम्प्रेषण गर्ने र प्रतिकार्य योजना एवम् सुझाव दिँदै राष्ट्रिय सुरक्षा कार्यमा सघाउ पुग्ने सूचना नेपाल सरकारलाई उपलब्ध गराउने,

३.४.३.३ राष्ट्रिय हित विपरित हुने राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक साम्प्रदायिक र कुटनीतिक गतिविधिबारे सूचना संकलन र विश्लेषण गरी सम्बन्धित निकाय वा अधिकारीलाई जानकारी गराउने,
३.४.३.४ देशभित्र तथा बाहिर, स्वदेशी तथा विदेशी नागरिकहरुबाट नेपालविरुद्ध गरिने जासूसी एवम् प्रति जासुसी कार्य सम्बन्धी सूचना संकलन, विश्लेषण गरी सम्बन्धित निकाय वा अधिकारीलाई जानकारी गराउने,
३.४.३.५ धार्मिक, साम्प्रदायिक, जातीय, क्षेत्रीय स्वरुपका हिंसा उन्मुख गतिविधि, विद्रोह र आर्थिक क्रियाकलापबारे सूचना संकलन गर्ने
३.४.३.६ भ्रष्टाचार, आर्थिक अनियमितता, राजश्व चुहावट लगायत अर्थतन्त्रलाई नकारात्मक असर पुऱ्याउने गतिविधिहरु बारे सूचना संकलन र विश्लेषण गर्ने,
३.४.३.७ आतंकवादी तथा अन्तर्राष्ट्रिय अपराधिक संगठन तथा आतंकवादको जालो र त्यसबाट मुलुकलाई पुग्न सक्ने खतराको सूचना संकलन र विश्लेषण गर्ने,
३.४.३.८ राष्ट्रमा आईपर्ने कुनै पनि चुनौतिलाई सामना गर्न आवश्यक सूचना संकलन तथा विश्लेषण गर्नसक्ने भरपर्दो तथा सक्षम संगठनको रुपमा विकास गर्न दीर्घकालिन योजना बनाई चरणबद्ध रुपमा कार्यान्वयन गर्दै जाने, र
३.४.३.९ नेपालको प्रचलित संविधान तथा प्रचलित ऐन कानून बमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

## ३.५ राष्ट्रिय सुरक्षा नीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन

राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनमा उत्पन्न हुनसक्ने समस्याको पहिचान गर्नुका साथै कार्यान्वयनको मूल्यांकन र अनुगमन राष्ट्रिय सुरक्षा परिषदले गर्नेछ । प्रत्येक पाँच वर्षमा राष्ट्रिय सुरक्षा नीतिको समीक्षा र पुनरावओलन गरिनेछ ।

## ३.६ राष्ट्रिय सुरक्षा नीतिको समीक्षा र परिमार्जन सम्बन्धी व्यवस्था

३.६.१ राष्ट्रिय सुरक्षा नीतिको समीक्षा वार्षिक रुपमा राष्ट्रिय सुरक्षा परिषदबाट गरिने छ ।
३.६.२ सुरक्षा नीतिमा समय सापेक्ष परिमार्जन गर्ने कार्य नेपाल सरकारले गर्नेछ ।